
# लेखापरीक्षण प्रतिवेदन

# मध्यपुर थिमी नगरपालिका, भक्तपुर

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## मध्यपुर थिमी नगरपालिका, भक्तपुर

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वियनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**बागमती प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/225

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री नगर प्रमुख ज्यू,

मध्यपुर थिमी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
रामेछाप ।

## कैफियत सहितको राय

हामीले मध्यपुर थिमी नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१९ करोड ९७ लाख १९ हजार, सामाजिक विकास कार्यक्रमको रु.३ लाख ७५ हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.९५ लाख ३८ हजार समेत गरी रु.२० करोड ९६ लाख ३२ हजार समावेश गरेको छैन ।

2. नगरपालिकाको रु.२ अर्ब ७४ करोड २० लाख ५७ हजारको लेखापरीक्षण गरिएकोमा रु.४ करोड ५२ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.२० लाख ३४ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रु.५९ लाख १७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.४ लाख ९१ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ६९ लाख ४० हजार र पेश्की फछ्र्यौट गर्नुपर्ने रु.१ करोड ४६ लाख ७० हजार रहेको छ । गत वर्षसम्म रु.१६ करोड १४ लाख १० हजार बेरुजु बाँकी रहेकोमा यो वर्ष रु.३ करोड ८० लाख १८ हजार थप भई हालसम्मको अद्यावधिक बेरुजु रु.१९ करोड ९४ लाख २८ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

3. लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं ।

**अन्य बेहोरा**

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्य अनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगरकार्यपालिका, - नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ । यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत

आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटीका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६२ | ६३ | ४,००,५२,३७२ | ० | २९ | २०,३४,८५९ | ० | ६२ | ३४ | ३,८०,१७,५१२ | ५९,१६,९७० | १,६९,३९,४०५ | ४,९०,८१९ | ० | ० | १,७४,३०,२२४ | १,४६,७०,३२० |

अद्यावधिक बेरुजू स्थिति रु. हजारमा

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| भक्तपुर | १६१४१० | ० | ० | १६१४१० | ० | ३८०१8 | १९९४२८ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | 29 | विल भरपाई पेश गर्नुपर्ने | १३,४०,५३२ |
| २ | २०८०/८१ | 20 | विद्यालयको सामाजिक परीक्षण प्रतिवेदन | २,२०,००० |
| ३ | २०८०/८१ | 27 | बैठक भत्तामा बढी दर | ३,२३० |
| ४ | २०८०/८१ | 21 | बैठक भत्ता भुक्तानी | ३७,२५० |
| ५ | २०८०/८१ | 23 | बालविकास सहजकर्ता | २,८९,००० |
| ६ | २०८०/८१ | 30 | बढी दरमा बैठक भत्ता | १६,१५० |
| ७ | २०८०/८१ | 32 | एज विल्ट ड्रईङ | १,००,००० |
| ८ | २०८०/८१ | 31 | १.५ प्रतिशत कर कट्टी | २८,६९७ |
| जम्मा | | | | २०,३४,८५९ |

नोटः गत विगतको सम्परीक्षणको सन्दर्भमा आवश्यकता अनुसार आर्थिक वर्ष थप गर्न सकिनेछ।

लेखापरीक्षण बक्यौताको विवरण

| कार्यालय कोड | कार्यालयको नाम |
| --- | --- |

# (८०३३३४०३३०० - मध्यपुर थिमी नगरपालिका, भक्तपुर )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय**

स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता उत्तरदायित्व पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वटा वडारहेको छ भने क्षेत्रफल ११.९६वर्ग किलोमिटर तथा १,१९,७५६ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य**

लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि**

यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।१०।२४ देखि २०८१।११।७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि**

लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा**

लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति**

पालिकाले यस वर्ष आय – व्ययतर्फ रु.२ अर्ब ७४ करोड २० लाख ५७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

## २ एकीकृत वित्तीय विवरण

**मध्यपुर थिमि नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को एकीकृत वित्तीय विवरण**

| सि.नं. | आय | | सि.नं. | व्यय | |
|---|---|---|---|---|---|
| | शीर्षक | रकम | | शीर्षक | रकम |
| १. | गत वर्षको जिम्मेवारी | | १. | चालु | ४९९४६५३२५ |
| | बैंक मौज्दात | ५७६८९२६३५ | २. | पूँजीगत | ६४७८५१८४३ |
| २. | यस वर्षको धरौटी आम्दानी अ.ल्या सहित | ९०३३३३२ | | धरौटी फिर्ता | ५१३१९५ |
| ३. | आन्तरिक राजश्व आम्दानी | | ४. | कोष खर्च | |
| | आन्तरिक राजश्व | २९८००६७१२ | | बिबिध खर्च कोष खाता | ३४२४९०९५ |
| | राजश्व बाँडफाँड प्रदेश सरकार | ३५६६९५५२ | ५ | अन्तर सरकारी अख्तियारी | |
| | राजश्व बाँडफाँड संघीय सरकार | २४३८१३३८३ | | सामाजिक सुरक्षा तथा संरक्षण | ११९७१८६७८ |
| | अन्य आय | ७०९७१२५ | | सामाजिक विकास कार्यक्रम | ३७५००० |
| ४. | संघीय सरकारबाटप्राप्त अनुदान | | | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ९५३८४१७ |
| | वित्तीय समानिकरण अनुदान | १९३४४०००० | ६ | **मौज्दात** | |
| | सशर्त अनुदान | २३६६०६७०५ | | धरौटी मौज्दात | २६९३५६२० |
| | समपुरक अनुदान | ७५१३९६२ | | बिबिध खर्च कोष खाता | १०६२४०१२ |
| | विशेष अनुदान | २३०००००० | | स्थानीय तह संचित कोष खाता | ४१७५२५४१६ |
| ५. | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | स्थानीय तह बिबिध कोष खाता | ४७९१४३६२ |
| | वित्तीय समानिकरण अनुदान | २२९५०००० | | स्थानीय तह प्रकोप ब्यबस्थापन कोष खाता | १३१३८९९ |
| | सशर्त अनुदान | १०५८७५९५ | | वातावरण कोष खाता | २००००० |
| | समपुरक अनुदान | ९९४०४६६ | | दैविक प्रकोप ब्यबस्थापन कोष खाता | १२००००० |
| | विशेष अनुदान | १००००००० | | कर्मचारी कल्याण कोष | २९८१३११८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | नगरपालिका | |
| ६. | विभिन्न कोष तर्फको आय | | | | |
| | बिबिध खर्च खाता कोष | ३३०५४४१७ | | | |
| ७. | अन्तर सरकारी अख्तियारी | | | | |
| | सामाजिक सुरक्षा तथा संरक्षण | १९९७१८६७८ | | | |
| | सामाजिक बिकास कार्यक्रम | ३७५००० | | | |
| | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ९५३८४१७ | | | |
| | **जम्मा** | **१९२७२३७९७९.५४** | | **जम्मा** | **१९२७२३७९७९.५४** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरण तथा बजेट सम्बन्धी**

३.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेतथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान(NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
|---|---|---|---|---|---|
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | ४४२२४१०८०.३३ | ४४२२४१०८०.३३ | ३७५२१८०६४.३७ | ३७५२१८०६४.३७ |
| १३००० | अनुदान | ५२१९८५२६९.२६ | ५२१९८५२६९.२६ | ५०६४९८३७१.५८ | ५०६४९८३७१.५८ |
| १४००० | अन्य राजस्व | १३४०१७४०६.६१ | १३४०१७४०६.६१ | ११४९२०६०८.१ | ११४९२०६०८.१ |
| १५००० | विविध प्राप्ति | ३८१७४४. | ३८१७४४. | ९५८०७९०.८४ | ९५८०७९०.८४ |
| क | कुल जम्मा प्राप्ति | १०९८६२५५००.२ | १०९८६२५५००.२ | १००६२१७८३४.८९ | १००६२१७८३४.८९ |
| ३ | चालु | ४९९४६५३२४.८७ | ४९९४६५३२४.८७ | ४९५६८१५९४.०९ | ४९५६८१५९४.०९ |
| २१००० | पारिश्रमिक / सुविधा | २६६५३९४८७.९९ | २६६५३९४८७.९९ | २५८३२०२०४.२८ | २५८३२०२०४.२८ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १९१६२२५४०.८८ | १९१६२२५४०.८८ | १७९५२६५७४.८१ | १७९५२६५७४.८१ |
| २५००० | सहायता (Subsidy) | १०९६४५६२. | १०९६४५६२. | ४१००३७३९. | ४१००३७३९. |
| २७००० | सामाजिक सुरक्षा | १९३६५२६७. | १९३६५२६७. | ११८७०२८९. | ११८७०२८९. |
| २८००० | अन्य खर्च | १०९७३४६७. | १०९७३४६७. | ४९६०७८७. | ४९६०७८७. |
| ४ | पूंजीगत | ६४७८५१८४३. | ६४७८५१८४३. | ६०११८३६६१. | ६०११८३६६१. |
| ३१११० | भवन तथा संरचना | ९८३५६१७३. | ९८३५६१७३. | २९२०२०१९. | २९२०२०१९. |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | ४७१९२९००. | ४७१९२९००. | २३८९६६७६. | २३८९६६७६. |
| ३११३० | अन्य पूँजीगत खर्च | १०६२७५२९. | १०६२७५२९. | ० | ० |
| ३११४० | सुरक्षा उपकरण | १३४०४००. | १३४०४००. | ० | ० |
| ३११५० | सार्वजनिक निर्माण | ४८९७०४८४१. | ४८९७०४८४१. | ५४७१३५५६८. | ५४७१३५५६८. |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ० | ० | २७१३९८. | २७१३९८. |
| ३११७० | पूँजीगत सुधार खर्च | ० | ० | ६७८०००. | ६७८०००. |
| ३१४१० | जग्गाप्राप्ति खर्च | ६३०००००. | ६३०००००. | ० | ० |
| ५ | वित्तीय | ० | ० | ५००००००. | ५००००००. |
| ३२१५२ | अन्य संस्थामा शेयर लगानी | ० | ० | ५००००००. | ५००००००. |
| ख) | कुल जम्मा भुक्तानी | ११४७३१७१६७.८७ | ११४७३१७१६७.८७ | ११०१८६५२५५.०९ | ११०१८६५२५५.०९ |
| ग) | बचत /कमी (ग = क-ख ) | -४८६९१६६७.६७ | -४८६९१६६७.६७ | -९५६४७४२०.२ | -९५६४७४२०.२ |
| घ) | धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | १५३२८०२७.१ | १५३२८०२७.१ | ५७९४२९१९.०७ | ५७९४२९१९.०७ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | बाकी | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | -३३३६३६४०.५७ | -३३३६३६४०.५७ | -३७७०४५०१.१३ | -३७७०४५०१.१३ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ५३९९८६७७५.७६ | ५३९९८६७७५.७६ | ५७७६९१२७६.८९ | ५७७६९१२७६.८९ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ५०६६२३१३५.१९ | ५०६६२३१३५.१९ | ५३९९८६७७५.७६ | ५३९९८६७७५.७६ |

३.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१९,९७,१८,६७८ एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.९५,३८,४१७ र अन्य रु.३,७५,००० समेत गरी रु.२०,९६,३२,०९५.३७ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.३ **बैङ्क हिसाब विवरण** -स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण देहाय बमोजिम रहेको छ ।

| खाता | स्रेस्ताअनुसारमौज्दात रु. | बैङ्कस्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ४१७५२५४१५.६९ | ४१७५२५४१५.६९ | ० |
| स्थानीय तह विविध कोष खाता | ४७९१४३६१.६५ | ४७९१४३६१.६५ | ० |
| विविध खर्च खाता | १०६२४०११.५९ | १०६२४०११.५९ | ० |
| स्थानीय तह प्रकोप व्यवस्थापन खाता | १३१३८९९.०३ | १३१३८९९.०३ | ० |
| धरौटी | २६९३५६२०.१८ | २६९३५६२०.१८ | ० |
| स्थानीय तह विभाज्य कोष खाता | २३०९८२७.०५ | २३०९८२७.०५ | ० |
| **जम्मा** | **५०६६२३१३५.१९** | **५०६६२३१३५.१९** | **०** |

उल्लेखित विवरण अनुसार पालिकाको स्रेस्ताअनुसार मौज्दात रु.५०,६६,२३,१३५.१९ रहेको छ भने बैंक स्टेटमेन्ट अनुसार समेत स्रेस्तामा मौज्दात रहेको बराबर मौज्दात रहेको देखिन्छ ।

३.४ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.५५,३०,४६,०४३.७६ मौज्दात रहेकोमा यो वर्ष रु.५३,९९,८६,७७५.७६ घटी जिम्मेवारी सारेको छ । जस अनुसार कर्मचारी कल्याण कोषको रु.२,४५,०८,२१५.२४, वातावरण संरक्षण कोषको रु.२,००,००० र दैविप्रकोप कोषको

रु.१२,००,००० गरी जम्मा रु.२,५९,०८,२१५ सम्बन्धित शीर्षकमा जिम्मेवारी सारेको कारण लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा संचित कोषमा जिम्मेवारी सारेको कम देखिन्छ । कम जिम्मेवारी सारेको रकम अन्य कोषको समेत जोड्दा भिडान हुन आउँछ ।

३.५ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुईवर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा गरी सोही बमोजिम समयावधिमा कार्यान्वयन गर्नुपर्दछ ।

३.६ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्थाअनुसार समिति गठन गरेको भएतापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ ।

३.७ **बजेट पेश, पारित र अख्तियारी** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप-प्रमुखले मिति २०८० आषाढ १० मा रु. १ अर्ब ७८ करोड १० लाख ७५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८० आषाढ २० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८० श्रावण ७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ ।

३.८ **खर्च विश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.२९ करोड ८० लाख ७ हजार राजश्व बाँडफाँड र अनुदानबाट रु.८० करोड ६ लाख १९ हजार समेत रु.१ अर्ब ९ करोड ८६ लाख २६ हजार आम्दानी भएकोमा चालु तर्फ रु.४९ करोड ९४ लाख ६५ हजार र पूँजीगत तर्फ रु.६४ करोड ७८ लाख ५२ हजार र विविध कोष तर्फ रु.३ करोड ४२ लाख ४९ हजार समेत रु.१ अर्ब १८ करोड १५ लाख ६६ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २५.२२ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.८४ लाख ४ हजार खर्च भएको छ जुन आन्तरिक आयको २.८२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४२.२८ प्रतिशत चालु र ५४.८३ प्रतिशत पूँजीगत निर्माण र २.८९ प्रतिशत विविध कोष तर्फ खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गर्नुपर्दछ ।

३.९ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । **(रु हजारमा)**

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| पूँजीगत खर्चतर्फ | ६४७८५१ | ३०२७७ | ६७१९६ | १३०९५१ | ४१९४२८ | २५५४८२ |
| प्रतिशत | १०० | ४.६७ | १०.३७ | २०.२२ | ६४.७४ | ३९.४३ |

उल्लेखित विवरण अनुसार पालिकाले यस आर्थिक वर्षमा रु.६४ करोड ७८ लाख ५१ हजार पूँजीगत खर्च गरेकोमा प्रथम त्रैमासिकमा रु.३ करोड २ लाख ७७ हजार (प्रतिशत ४.६७), दोस्रो त्रैमासिकमा रु.६ करोड ७१ लाख ९६ हजार (प्रतिशत १०.३७) तेस्रो त्रैमासिकमा रु.१३ करोड ९ लाख ५१ हजार (प्रतिशत २०.२२) र चौथो त्रैमासिकमा रु. ४१ करोड ९४ लाख २८ हजार (प्रतिशत ६४.७४) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.२५ करोड ५४ लाख ८२ हजार (प्रतिशत ३९.४३) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने कार्यमा सुधार हुनुपर्दछ ।

३.१० **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ उपदफा २(क) मा बजेट तथा कार्यक्रमको प्रस्तावलाई विषयक्षेत्रगत रुपमा छलफल गर्ने व्यवस्था मिलाई तयार गरेको अन्तिम प्रस्ताव बमोजिम स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र तथा उपक्षेत्र | विनियोजन | खर्च | कुल बजेटको तुलनमा विनियोजित | सम्बन्धित बजेट शिर्षकमा बजेट विनियोजनको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | १२५३४०००० | ७४९०४३३८ | ७.३४ | ५९.७६ |
| २ | सामाजिक विकास | ५९०८२९३०० | ४५६०४२६०३.२६ | ३४.६० | ७७.१९ |
| ३ | पूर्वाधार विकास | ७३०५६२९५५ | ४३४५०९१११ | ४२.७८ | ५९.४८ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २६५६९००० | १२०८३७०४ | १.५६ | ४५.४८ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २३४४५७९४५ | १७०५७७४११.६१ | १३.७३ | ७२.७५ |
| **जम्मा** | | **१७०७७५९२००** | **११४८११७१६८** | **१००** | **१००** |

उल्लेखित विवरण अनुसार सभाले यस आर्थिक वर्षको बजेट रु.१,७०,७७,५९,२०० विनियोजन गरेकोमा रु.१,१४,८१,१७,१६८ बजेट खर्च गरेको छ । विनियोजन गरेको कुल बजेट मध्ये ६७.२२ प्रतिशत मात्र बजेट खर्च गरेको छ । कुल बजेट विनियोजन गरेको मध्ये सबै भन्दा घटी सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा १.५६ प्रतिशत बजेट विनियोजन गरेको छ भने सबै भन्दा बढी पूर्वाधार विकासमा ४२.७८ प्रतिशत बजेट विनियोजन गरेको छ । पालिकाले यस वर्ष कुल बजेट विनियोजन गरेको मध्ये सम्बन्धित शीर्षकगत रुपमा सबै भन्दा सामाजिक विकासमा विनियोजित बजेटको ७७.१९ प्रतिशत सबैभन्दा बढी प्रगति हासिल भएको छ भने सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा विनियोजित बजेटको ४५.४८ प्रतिशत मात्र प्रगति हासिल गरेको देखिन्छ । तसर्थ पालिकाले आवश्यक्ताको आधारमा सबै क्षेत्रमा सन्तुलित विकास मार्फत जनताको जीवनस्तर सुधार हुने गरी बजेट विनियोजन र कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ ।

३.११

**अनुदान फिर्ता** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ मा वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको यो वर्ष संघीय सरकारको अनुदान र प्रदेश सरकारको अनुदानको प्राप्ती बजेट खर्च र अनुदान फिर्ताको विवरण देहाय बमोजिम रहेको छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| **संघीय अनुदान** | सशर्तअनुदान चालु | २२७२९४४३३ | १९४९८७८६६ | ३२३०६५६७ |
| | सशर्त अनुदान पूँजीगत | ९३१२२७२ | ४६२४५४४ | ४६८७७२८ |
| | विषेश अनुदान पूँजीगत | २३०००००० | २३०००००० | ० |
| | समपुरक अनुदान पूँजीगत | ७५१३९६२ | २०२७९२४ | ५४८६०३८ |
| | **जम्मा** | २६७१२०६६७ | २२४६४०३३४ | ४२४८०३३३ |
| **प्रादेशिक अनुदान** | सशर्तअनुदान चालु | १०३१४७३१ | १०३१४७३१ | ० |
| | सशर्त अनुदान पूँजीगत | २७२८६४ | २७२८६४ | ० |
| | विषेश अनुदान पूँजीगत | १००००००० | १०००००००  | ० |
| | समपुरक अनुदान पूँजीगत | ९९४०४६६ | ९९४०४६६ | ० |
| | **जम्मा** | **३०५२८०६१** | **३०५२८०६१** | **४२४८०३३३** |

पालिकाले संघीय सरकारबाट सशर्त अनुदान चालु, सशर्त अनुदमान पूँजीगत, विशेष अनुदान र समपुरक अनुदानमा जम्मा रु.२६ करोड ७१ लाख २० हजार अनुदान प्राप्त भएकोमा रु.२२ करोड ४६ लाख ४० हजार खर्च भएको छ भने खर्च बाँकी रहेको रु.४ करोड २४ लाख ८० हजार ३३३ मिति २०८१ आषाढ ३० गते संघीय सञ्चित कोषमा फिर्ता गरेको छ । प्रदेश सरकारबाट सशर्त अनुदान चालु, सशर्त अनुदमान पूँजीगत, विशेष अनुदान र समपुरक अनुदानमा निकासा गरेको रकम बराबर नै खर्च भएको विवरण प्राप्त भएको छ ।

## ४ योजना तर्जूमा र कार्यान्वयन

४.१ **आवधिक योजना** – स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

४.२ **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ मा वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ मा वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.६४ करोड ७८ लाख ५१ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना बनाएता पनि उक्त योजना अनुसार कार्य गरेको देखिएन । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना अनुसार खरिद कार्यलाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

४.३ **योजना छनौट र कार्यान्वयन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष

कार्यान्वायन गरेका योजनाहरुको विवरण देहाए बमोजिम रहेको छ ।

| क्र.सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | २ | १९५२२७ |
| २ | रु.१ लाख देखि रु.३ लाख सम्मका योजना | १२ | २८०५६०५ |
| ३ | रु.३ लाख देखि माथि रु.५ लाख सम्मका योजना | ४१ | १८७६३९४८ |
| ४ | रु.५ लाखदेखि माथि रु.१० लाख सम्मका योजना | ४० | ३४९५७५४४ |
| ५ | रु.१० लाख देखि माथि रु.२५ लाख सम्मका योजना | ७० | १२०३७८८५० |
| ६ | रु.२५ लाख भन्दा माथीका योजना | ७२ | २४९४१०८२६ |
| **जम्मा** | | **२३७** | **४२६५१२०००** |

उल्लेखित विवरण अनुसार पालिकाले यो वर्ष जम्मा २३७ वटा योजना तर्जूमा गरी रु.४२ करोड ६५ लाख १२ हजार लागतका योजना सम्झौता गरेको छ । कुल योजना मध्ये रु.१० लाख भन्दा कम लागतका ९५ वटा योजना रु.५ करोड ६७ लाख २२ हजार बजेट खर्च गरेको छ । तसर्थ पालिकाले साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी हासिल गर्न कठिनाइ हुने, प्रशासनिक खर्च बढ्ने र साना तथा वितरणमूखी योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी ठूला र प्राथमिकता प्राप्त योजना तर्जुमा गर्नुपर्दछ ।

४.४ **ठेक्का प्रतिस्पर्धा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्बन्धी व्यवस्था छ । पालिकाले यो वर्ष २१ ठेक्का प्रतिस्पर्धात्मक विधिबाट सम्झौता गरेकोमा सोको उदाहरण देहायअनुसार छ ।

| क्र स | योजनाको नाम | प्रतिस्पर्धी गर्ने संख्या | लागत अनुमान(भ्याट बाहेक ) | कबोल रकम (भ्याट बाहेक ) | घटी प्रतिशत | ठेक्का परेको बोलपत्रदाता |
|---|---|---|---|---|---|---|
| १ | Construction of Janak Siddhikali Secondary School Building, Ward No:-6 | २८ | ७६६९९८४३ | ४५३७९१४८ | ४०.८४ | RB Siddhartha Construction Pvt. Ltd., Suryabinayak – 08, Bhaktapur |
| २ | Dhuncho Madhuchowk Rajkulo Hundai Buddhachowk Magargaun Sadak, Ward No:-7 | १४ | १३२५८४४४ | ७१८२४६४ | ४५.८३ | BGS Construction and Suppliers Pvt.Ltd., Chandragiri-05, Kathmandu Nepal. |
| ३ | Construction of Jana Adarsha Campus Building, Ward No:-4 | २९ | ९००५४२७१ | ६०००४६१० | ३३.३७ | Balkot Nirman Sewa Pvt. Ltd., Madhyapur Thimi |
| ४ | Hariyali Marga Jane Bato Gaththaghar Road Upgrading Project, Ward No.-3 | ७ | ५४७२२६६ | ३७५८३८५ | ३१.३२ | Dadhikot Nirma Sewa, Dahikot, Surabinayek |
| ५ | Madhyapur Thimi Balkumari Colony Road Improvement Project, Ward No:- 4 | ९ | ८०७१३६७ | ६१३९२३५ | २३.९४ | Adriya Construction Company Pvt. Ltd., Ramechhap |
| ६ | Shiva Dafo Sadak Upgrading Project, Sintitar | ३ | २९६३२३० | २६१२५९८ | ११.८३ | Samir Nirman Sewa, Madhyapur-6, Bhaktapur, Nepal. |

उल्लेखित विवरण अनुसार आयोजनाको ठेक्का बन्दोबस्त गर्दा सबै भन्दा बढी Dhuncho Madhuchowk Rajkulo Hundai Buddhachowk Magargaun Sadak मा लागत अनुमानको तुलनामा ४५.८३ प्रतिशत घटीमा सम्झौता भएको छ भने सबै भन्दा कम Shiva Dafo Sadak Upgrading Project, Sintitar मा लागत अनुमानको तुलनामा ११.८३ प्रतिशत घटीमा ठेक्का सम्झौता भएको छ । ठेक्काको घटी प्रतिशत बढ्दै जाँदा लागत अनुमान यथार्थपरक नभएको हुँन सक्ने, गुणस्तर आश्वस्तता सुनिश्चित गर्न, अनुगमन कार्य र गुणस्तर परीक्षण कार्य गर्न कठिनाई हुने अवस्था रहने हुँदा सो समेत विचार गरी कार्य गराउनु पर्दछ ।

४.५ **ठेक्का अभिलख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको छैन । अतः स्वीकृत ढाचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

४.६ **ठेक्का बन्दोबस्त** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) मा वार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वयन तालिका बनाउँदा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको पूर्व तयारी अवस्था, खरिद विधि छनौट, जनशक्ति व्यवस्थापन लागत अनुमान तयार गर्ने तथा बोलपत्र आह्वान गर्ने जस्ता कार्य प्रथम त्रैमासिक अवधी भित्र सम्पन्न गरी बजेट प्रस्ताव गर्ने उल्लेख छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाबाट भएको खरिद व्यवस्थापन सम्बन्धी संक्षिप्त विवरण देहाय अनुसार रहेको छ ।

**रु.हजारमा**

| कार्यक्रम तथा शीर्षक | खरिद सम्झौता | | | | | | | | | यस वर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | | यो वर्ष सम्पन्न | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| बोलपत्रबाट | २१ | ४४९३२ | ० | ० | ४ | ६१०१ | ६ | २३७२७ | ११ | १५१०३ | २१ | ४४९३२ |

उल्लेखित विवरण अनुसार यो वर्ष पालिकाले विभिन्न कार्यको लागि रु.४ करोड ४९ लाख ३२ हजार लागतको २१ वटा ठेक्का बन्दोबस्त गरेकोमा दोस्रो त्रैमासिकमा रु.६१ लाख १ हजार लागतको ४ ठेक्का, तेस्रो त्रैमासिकमा रु.२ करोड ३७ लाख २७ हजार लागतको ६ ठेक्का र चौथो त्रैमासिकमा रु.१ करोड ५१ लाख ३ हजार लागतको ११ ठेक्का व्यवस्थापन भएको देखिन्छ । यस वर्ष सम्झौता भएका मध्ये सबै ठेक्का सम्पन्न भएको देखिन्छ । ठेक्का व्यवस्थापन ढिलो हुँदा वर्षको अन्त्य तिर आयोजना निर्माण कार्य सम्पन्न गर्ने समयको चाप पर्ने र ठेक्का सम्पन्न गर्न कठिनाई हुने हुँदा नियमावलीमा तोकिएको तोकिएको अवधी भित्र ठेक्का बन्दोबस्तको कार्य गर्नुपर्दछ ।

४.७ **निर्माण कार्य व्यवस्थापन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०/८१ मा ठेक्का र उपभोक्ता समिति मार्फत गरेको कार्यको विवरण देहाय बमोजिम रहेको छ । **(रु.हजारमा)**

| योजना संख्या | ठेक्का मार्फत | | उपभोक्ता समिति मार्फत | | कोटेशन मार्फत | |
|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| २३७ | २१ | ४४९३२ | २१० | ३७९१३३ | ६ | २४४७ |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल २३७ योजना मध्ये ठेक्का मार्फत २१ वटा योजनामा रु.४ करोड ४९ लाख ३२ हजार खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित २१० योजनामा रु.३७ करोड ९१ लाख ३३ हजारमा सम्झौता गरेको छ । अर्थात पालिकाले यस वर्ष सञ्चालन गरेका २३७ मध्ये ८.८६ प्रतिशत योजना ठेक्का प्रकृया मार्फत र ८८.६० प्रतिशत उपभोक्ता समिति मार्फत सञ्चालन गरेको देखिन्छ । पालिकाले ठेक्का प्रकृया मार्फत गरेका कार्यमा लागत अनुमानको तुलनामा ४५ प्रतिशत सम्म घटीमा कार्य भएको देखिन्छ भने उपभोक्ता मार्फत गरेको कार्यमा लागत अनुमान बराबरमा कार्य गरेको छ । तसर्थ पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन, उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका कुराहरुको समेत विचार गरी निर्माण कार्य गर्दा ठेक्का प्रकृया मार्फत सञ्चालन एंव व्यवस्थापन गर्नुपर्छ ।

४.८ **उपभोक्ता मार्फत कार्य** - पालिकाले यस वर्षको वार्षिक योजना तथा कार्यक्रम अनुसार सञ्चालित विभिन्न भौतिक पूर्वाधार लगायत निर्माण योजनाहरुमा रु.४२ करोड ६५ लाख १२ हजारमा सम्झौता गरेको छ । उक्त योजना मध्ये २१० वटा कार्य उपभोक्ता समिति मार्फत गराई रु.३७ करोड ९१ लाख ३३ हजार भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

**(क) आयोजना हस्तान्तरण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सञ्चालित आयोजनाहरु मध्ये उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरु सञ्चालन भईसके पश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका कुनै पनि योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारी समेत हस्तान्तरण गरेको छैन ।

**(ख) हेभि-ईक्विपमेन्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ९ मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभि मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभि मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने तर उपनियम ९(क) अनुसार सो विपरीत हेभि मेशिन प्रयोग गरेको पाईएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्ध गरिने उल्लेख छ । यस पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभि मेशिन प्रयोग गर्ने गरेको भएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिस गराई नगरपालिकाको कार्यालयबाट सहमति लिएको देखिएन ।

**(ग) जटिल संरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई मेशिन औजार, उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आर.सी.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल कल्भर्ट निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराएको छ ।

**(घ) मर्मत सम्भार कोष** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समितिले गर्नुपर्ने, सोही नियमावलीको उपनियम १५ मा उपभोक्ता समितिले सम्पन्न आयोजनाको सेवा उपयोग गरेबापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्नुपर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार गर्नुपर्ने व्यवस्था रहेकोमा उपभोक्ता समिति मार्फत सम्पन्न आयोजना मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था गरेको देखिएन ।

## ५ परामर्श तथा डि.पि.आर. खर्च

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धालाई सीमित हुने गरी खरिद कार्य टुक्राउन नहुने उल्लेख छ । त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा नियम ९ को अधिनमा रही १२(२) बमोजिम तोकिएको आधार लिई गर्नुपर्ने उल्लेख छ । पालिकाले देहाय अनुसार विभिन्न १२ कार्यक्रमको लागि विस्तृत परियोजना प्रतिवेदन तयारीको परामर्श सेवाको लागि रु.४८,००,२२६ को लागत अनुमान तयार गरी यो वर्ष रु.४७,०८,७२२ खर्च गरेकोमा सबै डि.पि.आर. कार्यान्वयनमा रहेका छन । लागत अनुमानको आधार स्पष्ट नभई बजेटको आधारमा डि पि आर तयार गरेको छ । पालिकाले परामर्श सेवा खरिद गर्दा उस्तै प्रकृतिका र सम्भव भएका कार्यको लागि परामर्श सेवा खरिद गर्दा प्याकेज बनाई खरिद गर्नुपर्दछ । खरिद गरेका परामर्श सेवाको देखिने गरी अभिलेख राखी सोही बमोजिम योजना तर्जूमा र कार्यान्वयन गर्नुपर्दछ ।

| क्र स | कामको विवरण | परामर्शदाताको नाम | लागन अनुमान रु | सम्झौता रकम रु | घटी प्रतिशत | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|---|---|
| १ | बोडेपलेस्वाँ पुखु (कमल पोखरी) परिसर मन्दिर ई पुस्तकालय सतः तथा पोखरी सिमा पर्खालनिर्माण नक्सा बनाउने कार्य | केफी स्टुडियोज प्रा.लि. ललितपुर-१० | ४८६७०३ | ४६३३०० | -४.८१ | कार्यान्वयनमा गएको |
| २ | Preparation of detail architectural structural drawing and estimation of main entry gate of main entry gate of Thimi Layeku Durbar | Ada ConsultancyJhwaKathmandu | ४८५०५१ | ४७९९६८ | -१.०५ | कार्यान्वयनमा गएको |
| ३ | Preparation of Topographical survey of Bishnubir Siddhikali Area | Kambang and Associates Pvt.Ltd.Natole-20Lalitpur | ४७०२१० | ४६६९१६ | -०.७० | कार्यान्वयनमा गएको |
| ४ | Procurement of Consultancy Service for Preparation of Detailed Project Report(DPR) Of Araniko Highway - Dhrubadhara-Dhapahiti Road Lokanthali Bhaktapur | sagacity | ४९९१८५ | ४८२५१० | -३.३४ | कार्यान्वयनमा गएको |
| ५ | SurveyDesignCost Estimate and Detailing for Beautification of the corridor from shankhadhar chok to balkumari mandir | Acep Design & Construction Bhaktapur | ४५८१८१ | ४५६४४८ | -०.३८ | कार्यान्वयनमा गएको |
| ६ | SurveyDesignCost Estimate and Detailing of Ward Building ward no.2 | Arena Architect & Developers Pvt.LtdBhaktapur | ४८०८३६ | ४७६८६० | -०.८३ | कार्यान्वयनमा गएको |
| ७ | Soil Investigation and Analysis at ward no.2 | Pashupati driling and Geo technical services Pvt.Ltd. lokanthali | ४९९००० | ४८८६२५ | -२.०८ | कार्यान्वयनमा गएको |
| ८ | जन आदर्श क्याम्पसको आर्किटेक डिजाइन स्ट्रक्चर स्यानीटरी र इलेक्ट्रिक कार्य | आरभिज इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा लि | ४८२९०५ | ४७७४२५ | -१.१३ | कार्यान्वयनमा गएको |
| ९ | ईन्जिनियरिङ्ग सर्भे cost इस्टिमेट of रोड प्रोजेक्ट फर बार्षिक सडक मर्मत कार्य | एस कन्सल्टेन्सी प्रा लि | ४७०२०९ | ४५०३५० | -४.२२ | कार्यान्वयनमा गएको |
| १० | बसी पखु म्यूजियम कन्स्ट्रक्सन कार्य | भिजन पल्स डिजाइन एण्ड एर्थोडक्स प्रा लि | ४६८३४६ | ४६६३२० | -०.४३ | कार्यान्वयनमा गएको |
| जम्मा | | | ४८००६२६ | ४७०८७२२ | -१.९१ | |

## ६ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोतअन्तर्गत खानी, जंगल तथा अन्यस्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्कसम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

## ७ आन्तरिक आय तर्फ

७.१ **आय अनुमान** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्नसक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आय तर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.३४ करोड ४७ लाख ४५ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा यो वर्ष रु.२९ करोड ८० लाख ६ हजार अर्थात अनुमान भन्दा रु.४ करोड ६७ लाख ३९ हजार (१३.५५ प्रतिशत) कम आय प्राप्त

गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ पहल गर्न आवश्यक देखिएको छ ।

७.२ **कुल खर्चमा आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०/८१ मा पालिकाको जम्मा खर्चको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| पालिकाकोजम्मा खर्च | आन्तरिक आय | जम्मा खर्चको तुलनामा आन्तरिकआयको हिस्सा प्रतिशत |
|---|---|---|
| ११८१५६६२६२.६२ | २९८००६७१२.७५ | २५.२२ |

पालिकाको यस वर्षको कुल खर्च रु.१ अर्ब १८ करोड १५ लाख ६६ हजार रहेकोमा आन्तरिक आय रु.२९ करोड ८० लाख ६ हजार रहेको छ जुन कुल खर्चको आन्तरिक आय २५.२२ प्रतिशत रहेको छ । सम्पत्ति कर, घर जग्गा बहाल कर, व्यवसाय कर, मनोरञ्जन कर तथा विज्ञापन कर नियमानुसार सङ्कलन गर्ने तर्फ पालिकाले पहल गरेमा आन्तरिक आयमा वृद्धि हुने देखिन्छ । पालिकाको क्षमता अभिवृद्धि गरी आयको सङ्कलन गर्ने तर्फ पालिकाले तत्परता देखाई संघ र प्रदेश सरकार प्रतिको निर्भरता काम गर्ने तर्फ पहल गर्नुपर्दछ ।

७.३ **कर तथा शुल्क असुली** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आयशीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| ११३१३ सम्पती कर | ५०००००००० | ६९४४९७५५ | १३८.९ |
| ११३१४ भुमिकर/मालपोत | १५०००००० | १२६४६११ | ८४.३१ |
| ११३१७ वहाल कर | ९१९४५००० | ९२२००३१४ | १००.२८ |
| ११३१८ वहाल विटौरी कर | ३०००००० | ० | ० |
| ११४५१ सवारी साधन कर (साना सवारी) | १०००० | २०० | २ |
| ११४७९ अन्य मनोरञ्जन कर | १००००० | ० | ० |
| ११६९१ अन्य कर | १०००००० | १०१० | ०.१ |
| १३४११ अन्य संस्थागत आन्तरिक अनुदान | ३०००००००० | ० | ० |
| १३४१२ अन्य व्यक्तिगत आन्तरिक अनुदान | ० | ८४९४१६ | ० |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ० | १६२०० | ० |
| १४२११ कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ० | ५०००० | ० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | १५०००० | १४३८७१ | ९५.९१ |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | १०००००००० | १२६५६८३२ | १२६.५७ |
| १४२२१ न्यायिक दस्तूर | ५००० | ० | ० |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | ५००० | ० | ० |
| १४२२४ परीक्षा शुल्क | ५००० | १८८४०० | ३७६८ |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ५००० | १०८८४१० | २१७६८.२ |
| १४२४१ पार्किङ्ग शुल्क | १०००० | ० | ० |
| १४२४२ नक्सापास दस्तुर | ७०००००००० | ६१६३४१९८ | ८८.०५ |
| १४२४३ सिफारिश दस्तुर | २०००००००० | ६३४९९४२ | ३१.७५ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ३५०००००० | ४२८७०० | १२.२५ |
| १४२४५ नाता प्रमाणित दस्तुर | ७०००००० | ७७५४०३ | ११.०८ |
| १४२४९ अन्य दस्तुर | ४०००००० | ७६०८६२५ | १९०.२२ |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | २५०००००० | ४६७६८०० | १८७.०७ |
| १४२५४ रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | ५००० | ० | ० |
| १४२६२ विद्युत सम्बन्धी दस्तुर | १००० | ० | ० |
| १४२६५ अन्य क्षेत्रको आय | १००० | ० | ० |
| १४३१२ प्रशासनिक दण्ड जरिवाना र जफत | १७५०००००० | १७०४०६१४ | ९७.३७ |
| ४३१३ धरौटी सदरस्याहा | १००० | ० | ० |
| १४५११ बीमा दावी प्राप्ति | १००० | ० | ० |
| | | | |

| | | | |
|---|---|---|---|
| १४५२९ अन्य राजस्व | १००० | २७६३ | २७६.३ |
| १४६११ व्यवसाय कर | ३०००००००० | २११९८९०५ | ७०.६६ |
| १५१११बेरुजु | २५००००० | ३८१७४४ | १५.२७ |
| **जम्मा** | **३४४७४५०००** | **२९८००६७१२.७५** | **८३.१२** |

उल्लेखित विवरण अनुसार पालिकाको यस आर्थिक वर्षको कुल आन्तरिक आयको अनुमान रु.३४,४७,४५,००० गरेकोमा आय संकलन रु.२९,८०,०६,७१२.७५ मात्र गरेको छ जुन लक्ष्यको तुलनामा ८३.१२ प्रतिशत हुन आउँछ । पालिकाले गरेको आयको अनुमानमा वहाल विटौरी कर जस्ता केही शीर्षकमा राजश्व प्राप्त भएको देखिएन भने सम्पती कर लगाएतका केही शीर्षकमा आयको अनुमान भन्दा बढी कर सङ्कलन गरेको छ । त्यस्तै अन्य व्यक्तिगत आन्तरिक अनुदान लगाएतका शीर्षकमा आयको अनुमान नगरेका क्षेत्रबाट पनि राजश्व संकलन गरेको देखिन्छ । पालिकाले प्राप्त राजश्व तथा प्राप्त गर्नुपर्ने राजश्वको सम्बन्धमा परीक्षण भिडान गर्ने आन्तरिक नियन्त्रण पद्धति नभएकोले प्राप्त भएको राजश्व सम्बन्धमा एकिन गर्न सकिएन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्रबाट प्राप्त हुनसक्ने राजश्वका स्रोतहरुको पहिचान गरी आयको अनुमानलाई यथार्थपरक बनाउनुपर्दछ ।

७.४ **सम्पत्ति कर** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५ अनुसार नगरपालिकाको क्षेत्रभित्रका घर र जग्गामा सम्पत्ति कर लगाई असुल गर्नुपर्ने उल्लेख छ, साथै नगरपालिकाको आर्थिक ऐन, २०८० मा समेत सम्पत्ति कर एकिन गरी असुल गर्नुपर्ने व्यवस्था छ । पालिकामा देहायका करदाताहरुबाट एकीकृत सम्पत्ति कर असुल हुन बाँकी रहेको देखिन्छ । लेखापरीक्षणको क्रममा पालिकाले आम्दानीको लागि प्रयोगमा ल्याएको सफ्टवेयर, पेश भएका स्रेस्ता कागजात तथा नमूना छनौट गरिएका मध्ये देहायका करदाताहरुको असुल गर्न बाँकी रहेको रु.२,६७,९४,६४७ लगायत अन्य करदाताहरुको समेत एकिन गरी असुल गर्न बाँकी रहेको सम्पत्ति कर असूल गर्नुपर्दछ ।

| क्र.स. | वडा नं | करदाताको नाम | कर तिर्न बाँकी आर्थिक वर्ष | जग्गाको कायम मूल्य | संरचनाको कायम मूल्य | कुल सम्पत्ति | तिर्नुपर्ने कर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४ | पशुपती स्पिनिङ्ग मिल्स प्रा लि (करदाता संकेत नं १४-२३-००६९) | २०५४।५५ देखि २०८०।८१ सम्म | | | | २३४६४६७५ | |
| २ | | नेपाल नागरिक उड्ड्यान प्राधिकरण (करदाता संकेत नं १००००२३०४७) | २०७६।७७ देखि २०८०।८१ सम्म | ३५४९२९५४३१ | ७९७१३८५ | ८८७७२७२२ | १२६७७०० | |
| ३ | ४ | श्रद्धा नर्सिङ क्याम्पस प्रा लि (करदाता संकेत नं १२-३६-०००१) | २०७८।७९ देखि २०८०।८१ सम्म | ११५५२८११५ | ११३९४२९९ | १२६९२२४१४ | १०८७६६८ | |
| ४ | ६ | हुकुम फर्मास्युटिकल्स प्रा लि (करदाता संकेत नं ०६-३२-००९९) | २०५४।५५ देखि २०८०।८१ सम्म | १६७५८८५६५ | २४४३१५२० | १९२०२००८५ | ३८९०१९ | |
| ५ | ५ | हुन्डाई काठमाडौं प्रा लि (करदाता संकेत नं ०५-३२-००५२) | २०८०।८१ | ७९२५४८३७ | ६६०४३३९ | ८५८५९१७७ | ३६१८८० | |
| ६ | | जनक शिक्षा सामाग्री केन्द्र लिमिटेड (करदाता संकेत नं १७-१२-००१५) | २०७५।७६ देखि २०८०।८१ सम्म | १२६१२९६७९४९ | | १२६१२९६७९४९ | १७८६०० | आर्थिक वर्ष २०७५।७६ भन्दा अगाडी सम्म कर तिर्दै आएकोमा २०७५।७६ पछि नतिरेको । |
| ७ | ४ | बागमती कोल्ड रिट्रेडिङ्ग प्रा लि (करदाता संकेत नं १००००२६२३६) | २०८०।८१ | २०१६२८६० | २५३४५२५ | २२६९७३८५ | ४५१०५ | |
| **जम्मा** | | | | | | | **२६७९४६४७** | |

७.५ **व्यवसाय कर** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्य क्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्ति/फर्मबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत

रु.२,५८,७५,७०४।५० कर सङ्कलन गरेकोमा आफ्नो क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक नगरेको कारण पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनुपर्दछ ।

## ८ जनशक्ति व्यवस्थापन तर्फ

८.१ **कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले सृजना गरेका पद अनुसारको दरबन्दी र पदपूर्तीको अवस्था देहाय अनुसार रहेको छ ।

| क्र.स. | स्वीकृत पद | स्वीकृत दरबन्दी संख्या | पदपूर्ती | | रिक्त पद | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | स्थायी | करार | | |
| १ | राजपत्राङ्कित द्धितिय प्रमुखप्रशासकीय अधिकृत | १ | १ | ० | ० | |
| २ | अधिकृत आठौ तह | ४ | ९ | ० | ० | |
| ३ | अधिकृत सातौ | १५ | ३ | ० | १२ | |
| ४ | अधिकृत छैटौ तह | ५८ | ४५ | १० | ३ | |
| ५ | सहायकस्तर पाचौ तह | ४५ | ३० | १० | ५ | |
| ६ | सहायकस्तर चौथो तह | २५ | २ | ५ | १८ | |
| ७ | कार्यालय सहयोगी | २९ | १० | १६ | ३ | |
| ८ | कार्यालय सहयोगी (सरसफाई कर्मचारी) | ९ | ० | ८ | १ | |
| ९ | नगर प्रहरी | ३३ | ० | २२ | ११ | |
| १० | भारी सवारी चालक | ५ | १ | ४ | ० | |
| ११ | हलुका सवारी चालक | ४ | १ | २ | १ | |
| १२ | कुचिकार | १८ | ० | १८ | ० | |
| १३ | द्रुत कार्य सहयोगी | १२ | ० | १० | ० | |
| १४ | सरसफाई कर्मी | २ | ० | २ | ० | |
| **जम्मा** | | **२६०** | **१०२** | **१०७** | **५१** | |

उल्लेखित विवरण अनुसार पालिकामा विभिन्न पदको लागि २६० दरबन्दी स्वीकृत भएकोमा स्थायी १०२ र करारमा १०७ पदपूर्ती भएको देखिन्छ भने ५१ पद रिक्त रहेको देखिन्छ । तसर्थ रिक्त रहेका पदहरुमा तोकिएको कानूनी व्यवस्था अनुसार पदपूर्ती गर्नुपर्दछ ।

८.२ **तलबी प्रतिवेदन** - निजामती सेवा ऐन, २०४९ र स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका ३६ जना स्थायी कर्मचारीको रु.२,७२,३९,९९९ र पालिकाका १०२ जना स्थायी कर्मचारीको रु.४,७४,८२,४८२ समेत रु.७,४७,२२,४८१ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने तलब भत्ता ग्रेड भन्दा बढी भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब ग्रेड भुक्तानी गर्नुपर्दछ ।

८.३ **रिक्त पदको सूचना नदिएको** - स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । पालिकाको स्वीकृत कर्मचारी दरबन्दी संख्या २६० रहेकोमा १०२ पद स्थायी, १०७ पद करारमा पदपूर्ती गरको छ भने ५१ पद रिक्त रहेका छन । तर पालिककाले गत विगत वर्षहरु देखि नै यस वर्षको लेखापरीक्षण अवधिसम्म रिक्त पद पूर्तीका लागि तोकिएको बमोजिम प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई सूचना दिएको छैन ।

८.४ **स्वत: पद रिक्त** - स्थानीय सेवा गठन तथा सञ्चालन ऐन २०७९ को दफा १५(१) अनुसार स्थानीय सेवाको पदमा यस अध्यादेशमा व्यवस्था भए देखी बाहेक अन्य तरिकाबाट पदपूर्ती गर्न नपाईने तथा दफा १५(२) अनुसार उपदफा (१) विपरित गरिएको नियुक्ती स्वत: बदर भएको मानिने उल्लेख छ । तर पालिकाले प्रदेश कानून आए पश्चात पनि आर्थिक वर्ष २०८०/८१ का लागि समेत तोकिए बमोजिम रिक्त पदको सूचना नपठाई स्थायी पदपूर्ती हुने २५ पदमा करारमा नियुक्त गरेको कार्य नियमसम्वत् देखिएन । तसर्थ नियमको परिपालना हुनुपर्दछ ।

## ९ कानुनी सल्लाहकार

कानुनी सल्लाहकार – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा एक जना कानून अधिकृतको मात्र दरबन्दी स्वीकृत भएकोमा बाहेक दरबन्दी स्वीकृत नभएको अधिकृत सातौ तहमा १ र अधिकृत छैठौं तहमा २ जनालाई कानुनी सल्लाहकारका रुपमा नियुक्त गरी मासिक पारिश्रमिक क्रमशः रु.४५८५१ का दरले १ जनालाई वार्षिक रु.५५०२१२ र रु.४२६८९ का दरले २ जनाको लागि वार्षिक रु.१०२४५३४ समेत रु.१५७४७४८ भुक्तानी गरी खर्च लेखेको छ । दरबन्दी नभएको अवस्थामा कानुनी सल्लाहकार नियुक्त गरी पारिश्रमिक भुक्तानी भएकोमा पालिकालाई बढी व्ययभार परेको हुँदा नियमसम्मत नेदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १५,७४,७४८ |

## १० न्यायीक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरणअनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्र्यौट/कारवाही भएका विवाद | फछ्र्यौट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| ३ | ६४ | ६७ | ४६ | २१ |

उल्लेखित विवरण अनुसार पालिकामा गत वर्ष फछ्र्यौट गर्न बाँकी रहेका विवाद/उजूरी ३, यस वर्ष दर्ता भएका ६४ गरी जम्मा ६७ विवाद/उजूरी भएकोमा यस वर्ष ४६ वटा फछ्र्यौट गरी ११ वटा बाँकी रहेको देखिन्छ । पालिकाले न्याय सम्पादन प्रक्रियालाई छिटो र प्रभावकारी बनाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही टुङ्गो लगाउनु पर्दछ ।

## ११ कानुन निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । पालिकाले हालसम्म देहाय बमोजिम ३८ वटा कानून निर्माण गरी राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याएको छ ।

| सि.नं. | विवरण | गत वर्ष सम्मको कुल संख्या | यस वर्ष थप संख्या | कुल जम्मा |
|---|---|---|---|---|
| १. | ऐन | ९ | ३ | १२ |
| २. | कार्यविधि | ६ | ९ | १५ |
| ३. | निर्देशिका | ० | २ | २ |
| ४. | रणनीति | ० | १ | १ |
| ५. | नियमावली | १ | २ | ३ |
| ६. | मापदण्ड | १ | १ | २ |
| ७ | विधेयक | ३ | ० | ३ |
| **जम्मा** | | **२०** | **१८** | **३८** |

## १२ शिक्षा तर्फ

१२.१ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका १९ वटा सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या देहाय बमोजिम रहेको देखिन्छ ।

| क्र.सं. | विद्यालय संख्या | शिक्षक दरबन्दी | स्थायी पदपूर्ती | पदपूर्ती मध्येकरार | रिक्त संख्या | जम्मा | विधार्थी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | १९ | २५९ | १९३ | २९ | ३७ | २२२ | ७१६९ |

उल्लेखित विवरण अनुसार पालिकामा संचालनमा रहेका १९ वटा सामुदायिक विद्यालयको स्वीकृत शिक्षक दरबन्दी संख्या २५९ रहेकोमा १९३ शिक्षक स्थायी र २९ शिक्षक करारमा नियुक्त गरी २२२ शिक्षक पदपूर्ती भएको देखिन्छ भने ३७ शिक्षक दरबन्दी रिक्त रहेको देखिन्छ । शैक्षिक गुणस्तरमा वृद्धि गर्न स्थायी पदपूर्ती हुने पदहरु र रिक्त रहेका पदहरु तोकिएको प्रकृया पुरा गरी दपपूर्ती गर्नुपर्दछ ।

१२.२ **शिक्षक विद्यार्थी अनुपात** - शिक्षा नियमावली, २०५९ को नियम ७७(१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र तराई भेगमा ५०:१ रहने व्यवस्था छ । सोही ऐनको १२(क) मा अधिकांश कक्षामा नियम ७७ बमोजिम विद्यार्थी संख्या नभएमा विद्यालय गाभ्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

| क्र.सं. | विद्यालय नामरठेगाना | शिक्षक संख्या | विद्यार्थीसंख्या | शिक्षकविद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | हिमालय आ.वि. नलपुर | ३ | ५५ | १:१९ |
| २ | बालसेवा आ.वि. कुण्डोल | ७ | ११८ | १:१६ |
| ३ | निलबाराही आ.वि. टिगनी | ३ | ६६ | १:२२ |
| ४ | आधारभुत विद्यालयलोकन्थली | २ | ३५ | १:१८ |
| ५ | ज्ञान विकास आ.वि.बोडे | ६ | २२३ | १:३७ |
| ६ | प्राणोदय आ.वि.भूँलाखेल | ४ | १४० | १:३५ |
| ७ | आदर्श मा.वि. लायकु | ३० | ११५५ | १:३९ |
| ८ | आदर्श मा.वि. सानोठिमी | ३२ | १५५२ | १:४८ |
| ९ | गणेश मा.वि. नगदेश | २८ | १०६९ | १:३८ |
| १० | मानव विद्यागृहसिद्धिकाली | ३ | ६६ | १:२२ |

उल्लेखित विवरण अनुसार पालिकामा कुल शिक्षक संख्या २२२ जना रहेकोमा विद्यार्थी संख्या ७१६९ रहेको छ । पालिकाका सामुदायिक विद्यालयको शिक्षक विधार्थी अनुपात न्यूनतम १:१६ देखि अधिकतम १:४८ सम्म रहेको छ भने १९ वटा विद्यालयलको औषत शिक्षक विद्यार्थी अनुपात १:३३ रहेको छ । पालिकाले यस आर्थिक वर्षमा विद्यालय मर्जरको कार्य गरेको छैन । सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्यून अवस्था रहेको र कतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्दै गएको अवस्था देखिन्छ । पालिकाले आवश्यकता अनुसार विद्यालय समायोजन तथा दरबन्दी मिलानको कार्य गर्नुपर्दछ ।

१२.३ **शिक्षक दरबन्दी मिलान र विद्यालय समायोजन** – पालिकाको औषत शिक्षक विद्यार्थी अनुपात १:३३ रहेकोमा सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वियन कार्यविधि, २०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार संघीय कानूनले तोके बमोजिम विद्यालयहरु समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य गर्नुपर्ने व्यवस्था छ । यद्यपी आवश्यकता र औचित्य समेतलाई विचार गरी प्रचलित कानून अनुसार विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्यलाई थप प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

१२.४ **संस्थागत विद्यालयको छात्रवृत्ति** - पालिकाको शिक्षा ऐन, २०७९ को दफा २८ बमोजिम संस्थागत विद्यालयले कुल विद्यार्थीको १० प्रतिशत छात्रवृत्ति विपन्न एवं सिमान्तकृत विद्यार्थीलाई उपलब्ध गराउनु पर्ने व्यवस्था छ । साथै दफा २८ को उपदफा १ बमोजिम दफा २८ को उपदफा बमोजिम छात्रवृत्ति उपलब्ध गराएका विद्यार्थीहरुको नाम थर कक्षा तथा निजको बाबु आमाको नाम थर वतन सहितको विवरण विद्यालयले विद्यालयको सूचना पाटी टाँस गर्ने एवं विद्यालयको वेभसाइट भएमा त्यसमा राखी सार्वजनिक गर्नुपर्ने उल्लेख छ । साथै त्यस्तो विवरण शिक्षा शाखामा समेत पठाउनु पर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

• पालिकाले तयार पारेको शैक्षिक सत्र २०८० को विवरण अनुसार संस्थागत विद्यालयमा अध्यनरत विधार्थी संख्या निम्नानुसार छन् ।

| क्र.सं. | विद्यालय | विद्यालय संख्या | विद्यार्थी संख्या | छात्रवृत्ति प्राप्त गर्नुपर्ने संख्या | छात्रवृत्ति प्राप्त गरेको संख्या |
|---|---|---|---|---|---|
| १ | संस्थागत | ४७ | १९०३५ | १९०३ | २५५६ |

उल्लेखित विवरण अनुसार पालिका भित्र ४७ वटा संस्थागत विद्यालय संचालनमा रहेका छन् भने ती विद्यालयमा १९,०३५ विद्यार्थी अध्ययनरत रहेको देखिन्छ । पालिकाको शिक्षा ऐनमा तोकिए बमोजिम कुल विद्यार्थी संख्याको १० प्रतिशत विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दा कम्तिमा १९०३ जनालाई निशुल्क छात्रवृत्ति दिनुपर्नेमा २५५६ जनालाई छात्रवृत्ति वितरण गरेको छन । छात्रवृत्ति प्राप्त गर्ने

विद्यार्थीको नाम थर कक्षा तथा निजको बाबु आमाको नाम थर वतन सहितको विवरण विद्यालयले विद्यालयको सूचना पाटी टाँस गर्ने एवं विद्यालयको वेभसाइट भएमा त्यसमा राखी सार्वजनिक गर्नुपर्नेमा सो कार्य गरेको देखिएन । तसर्थ पालिकाको शिक्षा ऐनमा तोकिएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

१२.५ **सेनेटरी प्याड खरिद** - पालिका भित्रका सामुदायिक विद्यालयहरुमा अध्ययनरत कक्षा ६ देखि १२ सम्मका छात्राहरुका लागि सेनेटरी प्याड उपलब्ध गराउने कार्यक्रम अनुसार स्थानीय तह शिक्षा शाखामा भएको शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्यांकको आधारमा कोटेशन मार्फत देहायका ४८२८० प्याड खरिद गरी प्रति प्याड रु.३३.६२ का दरले रु.१८,३४,१८६ भुक्तानी गरेको छ । पालिकाले मिति २०८१ जेष्ठ १४ सम्म ४००२१ थान सम्बन्धित विद्यालयमा वितरण गरेको छ भने ८२५९ थान स्टोरमा मौज्दात रहेको देखिन्छ । सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को व्यवस्था बमोजिम विद्यालयहरुलाई अनुदान दिएको पालिकाले जनाएको छ । उक्त कार्यविधि आर्थिक वर्ष २०७६।७७ सम्मको लागि मात्र लागू हुने उल्लेख छ । तत्पश्चात अन्य कुनै कार्यविधि स्वीकृत भई लागू भएको छैन । पालिकाले खरिद गरी छात्राहरुलाई उपलब्ध गराएका सेनेटरीप्याडको स्पेशीफिकेशन अनुसार गुणस्तर परीक्षण गरेको देखिएन । कार्यविधि तयार गरी सोको आधारमा कार्यक्रम सञ्चालन गर्ने र प्रगति प्रतिवेदन तयार गर्ने प्रणाली विकास गर्नुपर्दछ ।

| भौ नं मिति | आपूर्तीकर्ताको नाम | परिमाण | दर | मु अ कर समेत भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|
| ११५- २०८०।११।२८ | एन्जल्स एच हाइजिन म्यानुफ्याक्चरीङ | २४७८० | ३३.६६ | ९,४१,४०७ | गुणस्तर परीक्षण गरेको प्रतिवेदन संलग्न नभएको |
| १९५- २०८०।३।३ | | २३५०० | ३३.६६ | ८,९२,७७९ | |
| **जम्मा** | | **४८२८०** | | **१८,३४,१८६** | |

## १३ सहकारी तर्फ

१३.१ **कानून निर्माण** – नेपालको संविधानको धारा ५७ (६) अनुसार उपधारा (३) वा (५) बमोजिम प्रदेश सभा गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिनेगरी बनाउनुपर्ने छ र प्रदेश सभा गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्वस्था छ । त्यसैगरी संविधानको अनुसूची - ५ संघको अधिकार सूची अन्तर्गत बुदाँ नं. ३० मा फौजदारी र देवानी कानूनको निर्माण गर्ने अधिकार संघको रहेको छ । तर मध्यपुर थिमी नगरपालिकाको सहकारी ऐन, २०७९ को दफा ८४ अन्तर्गत विभिन्न कसुरका लागि १ वर्ष देखि १० वर्ष सम्म कैद सजाय व्यवस्था छ । त्यसैले देवानी तथा फौजदारी कानून निर्माण गर्ने संवैधानिक तथा कानूनी क्षेत्राधिकार संघीय सरकार को देखिएकाले उल्लेखित कानूनी व्यवस्थामा सुधार हुनुपर्दछ ।

१३.२ **सहकारी संस्थाको विवरण** – मध्यपुर थिमि नगरपालिकाको सहकारी ऐन, २०७९ अनुसार सञ्चालनमा रहेका सहकारी संस्थाको विवरण देहाय बमोजिम रहेको छ ।

| सहकारीसंस्थाको किसिम | सहकारी संख्या | सदस्य संख्या | शेयर पूँजी रु. | ऋण लगानी रु. | जगेडा कोष |
|---|---|---|---|---|---|
| वचत तथा ऋण सहकारी संस्था लि. | ११५ | ८६५२८ | १३९३६५६९२४ | ८३४८२१७३२४ | २८४९१६३४७ |
| बहुउदेश्यीय सहकारी संस्था लि. | ४ | १७७९ | २३१६९६६० | ३४४८५०१९२ | २४८४९६७ |
| कृषि सहकारी संस्था लि. | ६ | १७८ | १४३२४०० | ६२०२१९८ | ३२३६५७ |
| अन्य | ३ | १०४ | ६६९००० | ५५०००० | ० |
| **जम्मा** | **१२८** | **८८५८९** | **१४१८९२७९८४** | **८६९९८१९७१४** | **२८७७२४९७१** |

उल्लेखित विवरण अनुसार पालिकामा १२८ वटा सहकारी संस्था सञ्चालनमा रहेका छन भने ती सहकारी संस्थामा ८८,५८९ जना शेयर सदस्य रहेका छन । १२८ वटा सहकारी संस्थाको शेयर पूँजी रु.१,४१,८९,२७,९८४, ऋण लगानी रु.८,६९,९८,१९,७१४ र

जगेडा कोष रु.२८,७७,२४,९७१ रहेको छ । पालिकाको सहकारी ऐन, २०७९ मा उल्लेख भए अनुसार सहकारी सदस्यहरुको हित र बचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरुपयोग रोक्न प्रचलित कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित र सघन रुपमा अनुगमन गरेका ४ वटा सहकारीको मात्र प्रतिवेदन पेश भएको छ । तसर्थ नेपालको संविधानले सहकारी संस्थाको दर्ता देखि विघटन सम्मका सम्पूर्ण जिम्मेवारी स्थानीय तहको एकल अधिकार सूची अन्तरगत राखेको तथा सहकारी क्षेत्र भित्रको सम्पूर्ण अविभावकीय दायित्व स्थानीय तहको रहेकोले सहकारी संस्थाहरुलाई पालिकाको सहकारी ऐन बमोजिम संचालनमा ल्याउनु पर्दछ ।

१३.३ **सहकारी नियमन** - सहकारी ऐन २०७४ को दफा ७३ अनुसार मासिक चौमासिक वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली २०७५ को नियम २८(४) सहकारी संस्थाहरुको सुपरीवेक्षण निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली(COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र १२८ वटा सहकारी संस्था संचालनमा रहेका छन् । पालिका भित्रका सबै सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली(COPOMIS) बाट विवरण दाखिला गरेको देखिएन । पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन कार्यपालिकामा छलफल गरी कार्यान्वयनको लागि गठित समितिबाट थप कार्य गरेको देखिएन । तसर्थ ऐन नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन र अनुगमन प्रतिवेदनको कार्यान्वयन गर्नुपर्दछ ।

१३.४ **समस्याग्रत घोषित सहकारी संस्था** - मध्यपुर थिमी नगरपालिकाको सहकारी ऐन, २०७९ को दफा ८१ अनुसार सहकारी संस्था समस्याग्रस्त भएको घोषणा गर्न सकिने र दफा ८२ मा व्यवस्थापन समितिको गठन सम्बन्धी कानूनी व्यवस्था छ । पालिकामा संचालनमा रहेका सहकारी संस्थामा ऋण असूली गर्न, वचत फिर्ता गर्न र ऋण लगानी गर्न नसकेको अवस्थामा कार्यपालिकाको निर्णयानुसार देहायका सहकारी संस्थाहरु समस्याग्रस्त घोषणा गरेको छ ।

| सहकारी संस्थाको नाम | अध्यक्षको नाम | सदस्य संख्या | शेयर पूँजी रु. | बचत रु. | ऋण लगानी रु. | जगेडा कोष रु. |
|---|---|---|---|---|---|---|
| डाँफे बचत तथा ऋण सहकारी संस्था लिमिटेड | ज्वालामान प्रधान | १८० | ७५९९००० | १२२३३८१४७ | ८४०३२४१८ | ० |
| आचल बचत तथा ऋण सहकारी संस्था लिमिटेड | तुल बहादुर चालिसे | ५६८ | **१९९६०००** | ३१८७७४६७ | १९४०६५५७ | - |
| कृषि विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड | तेज बिक्रम थापा | ९९६ | १३९४२९०० | २५२४२०६९२ | २१०४१२४६ | ५९०९८३ |
| **जम्मा** | | **१७४४** | **२३५३७९००** | **४०६६३६३०६** | **१२४४८०२२१** | **५९०९८३** |

उपरोक्त विवरण अनुसार डाँफे बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा १८० जना शेयर सदस्यहरुको शेयर पूँजी रु.७५ लाख ९९ हजार, बचत रु.१२ करोड २३ लाख ३८ हजार १४७, ऋण लगानी रु.८ करोड ४० लाख ३२ हजार ४१८ रहेको, आचल बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा ५६८ जना शेयर सदस्यहरुको शेयर पूँजी रु.१९ लाख ९६ हजार, बचत रु.३ करोड १८ लाख ७७ हजार ४६७, ऋण लगानी रु.१ करोड ९४ लाख ६ हजार ५५७ रहेको र कृषि विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा ९९६ जना शेयर सदस्यहरुको शेयर पूँजी रु.१ करोड ३९ लाख ४२ हजार ९००, बचत रु.२५ करोड २४ लाख २० हजार ६९२, ऋण लगानी रु.२ करोड १० लाख ४१ हजार २४६ रहेको र जगेडा कोष रु.५ लाख ९० हजार ९८३ रहेको छ । त्यसैले नगरपालिकाले समस्याग्रस्त घोषित गरेका उल्लेखित सहकारी संस्थाहरुको सम्पत्ति र दायित्व व्यवस्थापन गर्नका लागि समिति गठन गर्नुपर्नेमा गरेको देखिएन । तसर्थ समिति गठन गरी कानूनको परिपालना गराई शेयर सदस्यको बचतको सुरक्षा गर्नुपर्दछ ।

## १४ औषधी खरिद

पालिकाकालाई आवश्यक पर्ने औषधी पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधीको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीम १३ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यस वर्ष पालिकाले औषधी खरिद संघीय सशर्त अनुदानबाट देहायका फर्महरुबाट देहायको रु.१९,३४,२७५ को औषधी खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित व्यहोरा पालना भएको छैन । औषधीको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधी खरिद, उपयोग र मौज्दातको अवस्था एकिन गरी औषधी खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| **खर्च शीर्षक** | **भुक्तानी पाउने नाम** | **खरिद विधि** | | | **भुक्तानी रकम** |
|---|---|---|---|---|---|
| | | **सोझै** | **कोटेशन** | **बोलपत्र** | |
| संघीय सशर्त चालु | सोहन मेडी हेल्थ | | | बोलपत्र | १०९०००० |
| संघीय सशर्त चालु | बासुकी मेडिसिन सप्लायर्स | सोझै | | | ७७३९३७ |
| **जम्मा** | | | | | **१८६३९३७** |

### १५ नेपाल कोरिया मैत्री अस्पताल

यस पालिकाद्धारा व्यवस्थापन र सञ्चालन गरिएको नेपाल कोरियामैत्री अस्पतालको आन्तरिक संस्थगत क्षमता सुदृढिकरण तथा भौतिक पूर्वाधार निर्माण गर्नको लागि पालिकाले देहायको खर्च भुक्तानी गरेको छः

| **सि नं** | **खर्च शीर्षक** | **रकम** |
|---|---|---|
| १ | अस्पताल क्यान्टिन ब्लक तथा पानी प्रशोधन प्लान्ट निर्माण | ७२०४४०० |
| २ | अस्पताल भित्र मन्दिर निर्माण | २६३९७२८ |
| ३ | विभिन्न मर्मत कार्यको लागि धर्ती आकाश निर्माण सेवालाई भुक्तानी | ९५२३१५ |
| ४ | इलिमेक इन्टरनेशनल प्रा लि लाई भुक्तानी | १०९०६९३३ |
| ५ | अस्पतालको प्याराफिट लगाएतका कार्य | ३९२७२०० |
| ६ | टँडाल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | ५०७५०० |
| ७ | अस्पतालमा ICU/Special operation threat को खरिद | १३०००००० |
| ८ | अस्पतालमा Water Treatment plant जडान कार्य | १८८१२२२ |
| ९ | अस्पतालमा ब्लड बैंक स्थापना | ४३४१०१० |
| **जम्मा** | | **४५३६०३०८** |

नगरपालिकाद्वारा सञ्चालन गरिने अस्पताललाई सञ्चालन गर्ने आवश्यक कानून निर्माण गरी विनियोजन, खर्च र लेखापरीक्षण समेतको व्यहोरा सम्बन्धमा स्पष्ट हुनुपर्दछ । पालिकाबाट यस अस्पतालको लागि उल्लेख भए बमोजिम रु.४५३६०३०८ खर्च भएता पनि लेखापरीक्षण प्रतिवेदन पेश भएको पनि छैन । त्यसैले मूल्याङ्कन बिश्लेषण गर्न पनि सकिएन ।

### १६ अग्रिम आयकर कट्टी

आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम क्रमशः १५ प्रतिशत अग्रिम आयकर कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नगरपालिको मिति २०८०/१२/२५ को निर्णय अनुसार नगरपालिका को ६० प्रतिशत र संस्थाको तर्फबाट ४० प्रतिशत लागत

साझेदारीमा प्रोजेक्ट सक्षम आत्मखोज आत्माविश्वास र व्यक्तिगत क्षमता वृद्धि विकास कार्यक्रम अन्तरगत विभिन्न १८ विद्यालयका ३० जना छात्र छात्राहरुको लागि नेपाली युवा नेपाल मै नामको ५ दिने नेतृत्व विकास तालिम सम्पन्न गर्ने कार्यका लागि फाउण्डेशन अफ नेपाली समाज संस्थासँग सम्झौता गरी समझौता बमोजिम कार्यक्रम सम्पन्न गरी पेस गरेको संलग्न विल भरपाई अनुसार कुल खर्च रु.७२२,९४७ भएकोमा ६० प्रतिशतले हुने रु.४,३३,००० भुक्तानी भएको छ । उक्त संस्थालाई सम्झौता बमोजिमको रकम भुक्तानी गर्दा प्यानमा दर्ता भएकोले १५ प्रतिशत हुने कर रु.६४९५० कट्टी गरी बाँकी रु.३६८०५० भुक्तानी गर्नुपर्नेमा कर कट्टी गरेको देखिएन । तसर्थ १५ प्रतिशत कर असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६४,९५० |

## १७ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको १ महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । नगरपालिकाले आर्थिक वर्ष २०८०।८१ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण सम्पन्न गरेको प्रतिवेदन पेश भएको छ । पेश भएको प्रतिवेदनमा सैदान्तिक व्यहोरा मात्र उल्लेख भएको देखिन्छ । तसर्थ आन्तरिक लेखापरीक्षणलाई थप प्रभावकारी बनाई वित्तीय पारदर्शिता र वित्तीय अनुशान कायम गराउन थप जोड दिनुपर्ने देखिन्छ ।

## १८ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीय तहमा स्वीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्यांक अद्यावधिक गरेर सूचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरीः प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । कामका लागि पारिश्रमिकतामा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को सि.नं ४ अनुसार श्रममूलक आयोजना छनौट गर्दा स्थानीय तहको वार्षिक योजना तर्जुमाका सबै चरण पुरा गरि आयोजना बैंक तयार गरी सोही आयोजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिको आधारमा कार्यपालिकाको योजना सञ्चालन गर्नुपर्ने हुन्छ । पालिकाले बार्षिक नीति तथा कार्यक्रमको किताबमा सामावेश भएका ३ वटा वडामा विभिन्न ३ वटा योजना सञ्चालन भएका छन । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस आर्थिक वर्षमा रु.२५,२०,००० बजेट श्रमिकको ज्यालामा खर्च भएको देखिन्छ । यस कार्यक्रमका लागि स्थानीय तहभित्रका वडामा सडक मर्मत लगायतका कार्यक्रम सञ्चालन गर्न दर्ता गरिएका मध्ये यस वर्ष ३५ जनालाई जम्मा करिब १०० दिनका दरले ३५०० दिन रोजगारी प्रदान गरेको देखिन्छ ।

## १९ विवध खर्च

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा २४ मा योजना तर्जुमा गर्दा प्राथमिकता दिदा आर्थिक विकास तथा गरिबी निवारणका गर्ने एवं भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना गर्ने खालका कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने उल्लेख छ । नेपाल सरकार कार्य विस्तृतीकरण प्रतिवेदन, २०७३ मा स्थानीय तहले गर्नुपर्ने कार्यहरुमा २२ भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकासमा स्थानीय स्तरको नीति, कानून, मापदण्ड तयार पार्नुपर्ने व्यबस्था रहेको छ । स्थानीय तहले आफ्नो क्षेत्र भित्र सञ्चालन गरिने जात्रा महोत्सवको सुची तयार पारी मापदण्ड तयार पार्नुपर्दछ । त्यसैगरी जात्रा, महोत्सव सञ्चालनमा जम्मा लागत कति रहेको, कार्यक्रम कार्यान्वियनका साझेदारहरु को को हुन, साझेदार मध्ये कस्को योगदान के मा रहने जस्ता विषयहरु खुलाई टिप्पणी उठान भएको तथा सम्झौता भएको देखिदैन । सार्वजनिक खरिद नियमावली को ९९ कार्यक्रम कार्यान्वियन प्रभावकारी हुने देखिएमा गैरसरकारी संस्थाबाट गराउन सक्ने व्यवस्था रहेको छ । पालिकाको तीन आर्थिक वर्षको अतिथि सत्कार खर्च र जात्रा पर्वको खर्चको विवरण देहाय बमोजिम रहेको छः

| सि नं | खर्च शीर्षक | आर्थिक वर्ष २०७८।७९ | आर्थिक वर्ष २०७९।८० | आर्थिक वर्ष २०८१।८१ | आर्थिक वर्ष २०७८।७९ को तुलनामा २०८०।८१ को वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| १ | अतिथि सत्कार खर्च | ५३७४६१० | ४९६७३२३ | ४८७५०९८ | -९.२९ |
| २ | जात्रा पर्व | ९९०३२० | ६००३७३९ | ५९८५५५० | ५०४.४१ |

उल्लेखित विवरण अनुसार पालिकाले यो वर्षअतिथि सत्कार रु.४८,७५,०९८ र जात्रा पर्वमा रु.५९८५५५० खर्च समेत गरी रु.१,०८,६०,६४८ खर्च गरेको छ । पालिकाको यो वर्ष रु.२९,८०,०६,७१२ आन्तरिक आय गरेकोमा अतिथि सत्कार र जात्रा पर्वमा शीर्षकमा रु.१,०८,६०,६४८ खर्च गरेको छ जुन आन्तरिक आयको ३.६४ प्रतिशत हुन आउछ । त्यसैगरी पालिकाको तीन वर्षको खर्चको अनुपात तुलना गर्दा २०७८।७९ को खर्चको तुलनामा २०८०।८१ को खर्च अतिथि सत्कार -९.२९ प्रतिशत घटी र जात्रा पर्वमा ५०४.४१ प्रतिशत खर्च वृद्धि भएको अवस्था छ । तसर्थ पालिकालाई आन्तरिक आयमा आत्मनिर्भर हुनेतर्फ जोड दिइ अनुत्पादक खर्चमा कटौती गर्नुपर्दछ ।

२० **विद्यालयको सामाजिक परीक्षण प्रतिवेदन**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१५,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२१ **बैठक भत्ता भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **३७,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२२ **अनुदानको उपयोग**

कृषि समूह, फर्म, सहकारी कृषक समूह र कृषकलाई दिएको अनुदान खर्चको सही सदुपयोग भए नभएको अनुगमन गर्नुपर्दछ । पालिकाले च्याउपकेट विकास मर्मतमा परियोजनाले निरन्तरता अन्तर्गत रु.६,०१,९६८ अनुदान खर्च लेखेको छ । अनुदानमा उक्त खर्च सम्बन्धित लाभग्राहीको खातामा भुक्तानी गरी सम्झौता बमोजिम कार्यक्रम सञ्चालन भए नभएको र रकम सही सदुपयोग भए नभएको अनुगमन गर्नुपर्नेमा गरेको छैन । खर्च मध्ये फ्रेस मसरुम एण्ड एग्रो प्रा. लि. लाई रु.२४२२६० र भक्तपुर मसरुमसिड प्रोडक्सन सेन्टरलाई रु.२३९२१४ समेत गरी दुई संस्थालाई रु.४,८१,५३४ मात्र अनुदान दिई बाँकी रकम बैठक खाजा, अनुगमन मिरिक्षण, दैनिक भ्रमण भत्ता मसलन्द स्टेशनरी र प्रतिवेदन लेख्ने कार्यमा रु.१,२०,४३४ खर्च लेखेको देखियो । लाभग्राही समुहलाई अनुदान दिनुपर्ने रकम नदिइ खर्च लेखेको रु.१,२०,४३४ नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,२०,४३४ |

२३ **बालविकास सहजकर्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **२८९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२४ **अवलोकन भ्रमण खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय निकायले बजेट तर्जूमा र खर्च गर्दा विकास निर्माणका माध्यमबाट रोजगारी सृजना गरी गरिबी न्यूनिकरण गर्ने क्षेत्रहरुमा खर्च गर्नुपर्दछ । पालिकाले यो वर्ष देहायका कर्मचारी तथा नगरबासीलाई अवलोकन भ्रमणमा

रु.३५,५१,७२३ खर्च भुक्तानी गरेको छ । जुन आन्तरिक आयको १.१९ प्रतिशत हुने देखिन्छ । पालिकाले अवलोकन भ्रमण गर्दा देखिएका असल अभ्यासलाई अभिलेख राखी अनुसरण गर्न योग्य र आवश्यक कार्यहरुलाई अवलम्बन गर्नुपर्दछ । साथै उपलब्धी प्राप्त हुने र औचित्य पुष्टि हुन सक्ने कार्यक्रमहरुलाई प्राथमिकतामा राखी उत्पादनमूलक क्षेत्रमा बजेट विनियोजन तथा खर्च गर्नुपर्दछ ।

| **गो.भौ.नं मिति** | **वडा नं** | **खर्च** | **कार्यक्रम** | **भ्रमण स्थान** |
|---|---|---|---|---|
| १४५।२०८१।०३।१३ | २ | ३४०९७७ | कर्मचारी पदाधिकारी पर्यटन अवलोकन | धनगढी,कैलाली |
| १२७४।२०८१।०२।२५ | २ | २७७२०० | जेष्ठ नागरिक भ्रमण | भोजपुर,खोटाङ्ग |
| १४०७।२०८१।०३।१२ | ३ | ४०६९५० | जेष्ठ एकल महिला धार्मिक भ्रमण | भिमेश्वर दोलखा |
| १३५३।२०८१।०३।०६ | ८ | २२४५८८ | जेष्ठ नागरिक अवलोकन भ्रमण | टोखा बुढानिलकण्ठ |
| १३५३।२०८१।०३।०६ | ८ | २१०८९८ | एकल महिला अवलोकन भ्रमण | सिन्धुपाल्चोक, दोलखा |
| १३३७।२०८१।०३।०५ | ४ | ४२९९९३ | जेष्ठ नागरिक इलेक्ट्रिक जग वितरण (५८५ वटा) | - |
| १३५८।२०८१।०३।०७ | ४ | २३११२० | जनप्रतिनिधि कर्मचारी संस्था प्रतिनिधि | पोखरा भ्रमण |
| ६२२।२०८०।१०।१४ | ६ | ४००००० | जेष्ठ नागरिक एकल महिला अवलोकन भ्रमण | ललितपुर |
| ६१४।२०८०।१०।१४ | ४ | ४४८४९७ | सांगीतिक सामाग्री खरिद | - |
| ६९७।२०८०।११।१३ | ३ | ५८१५०० | सा.सु. भत्ता प्राप्त गर्नेलाई घुम्ने कार्यक्रम | - |
| **जम्मा** | | **३५५१७२३** | | |

## २५ फोहोरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन,२०६८ अनुसार पालिकाभित्रको फोहरमैलाको प्रवन्ध र व्यवस्थापन गर्ने जिम्मेवारी र दायित्व स्थानीय तहको हुने उल्लेख छ । स्थानीय तहले फोहरमैला व्यवस्थापन सम्बन्धमा आवश्यक निर्देशिका बनाई लागु गर्न सक्ने व्यवस्था छ । यसै ऐनको दफा २४ मा स्थानीय तहले फोहरमैला शुल्कमा एकरुपता ल्याउनको लागि शुल्क निर्धारण गर्न सक्ने व्यबस्था छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

- पालिकामा रहेका बसोबास गरिने घरधुरीबाट निष्काससित फोहोर ३५ टन र व्यापारिक संस्थागत फोहोर १५ टन प्रतिदिन उत्पादन हुने भएता पनि अन्तिम निष्काशन स्थलमा लगिने फोहोर २५ टन,
- फोहोरमैला संकलन गर्न १३ द्रुत सहयोगी र ७ जना सवारी चालक गरी २० जना जनशक्ति कार्यरत रहेको,
- फोहोरमैला व्यवस्थापनका लागि टिप्पर ठुलो २ हाते गाडी ३ जेट मेशिन १ र स्काभेटर २ गरी ८ वटा सवारी साधन प्रयोगमा रहेको,
- फोहोरमैला संकलन र व्यवस्थापनमा नगरपालिका स्वंय समुदायको संलग्नतामा उपभोक्ता समिति र निजी क्षेत्रसँगको साझेदारी,
- फोहोरमैलाको वर्गिकरण गर्नका लागि प्रत्येक घरधुरीलाई २ वटा डस्टविन वितरण गरेको,
- वडा नं ६ भित्रको फोहोरमैला संकलन गर्न नेप्सेम्याक प्रा लि, नेपाल फुलबारी थ्रि आर, नेपाल स्वच्छ वातावरण सृजना केन्द्र र दिव्यश्वरी गरी ४ वटा निजी क्षेत्रको संलग्नता रहेको ।

नगरपालिकामा घर धुरी संख्या रहेकोमा पालिकाको आर्थिक ऐन, २०८० सेक्सन मेशिन सरसफाई शूल्क वापत रु.२१९००० आय संकलन गरेको छ । पालिकाले २० जना कर्मचारीलाई पारिश्रमिकमा रु.६१,१०,५५९ सवारी इन्धनमा रु.८,६१,७४४ सवारी मर्मतमा रु.८,९३,०६८ गरी जम्मा रु.७८,६५,३७१ खर्च भएको छ । सरसफाई शूल्कबाट प्राप्त गरेको आयको ३५९१.४९ प्रतिशत खर्च भुक्तानी गरेको छ । पालिकाले फोहोरमैला संकलन गर्दा ऐनमा तोकिएको व्यवस्थाको अवलम्बन गर्नुपर्दछ ।

२६ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्चको अन्तिम भुक्तानी गर्दा विल भरपाई समेतको लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले मिति २०८१।०३।११ देखि २०८१।०३।१८ सम्म मेलमिलापकर्ता तालिम सञ्चालन भएकोमा सो कार्यको लागि अधिकृत प्रल्हाद काफ्लेलाई रु.४,६६,५७९ पेश्की दिई कार्यक्रम सञ्चालन गरी सो सँग सम्ब्धित स्टेशनरी, यातायात, विविध खर्चको विल संलग्न गरी फाँटवारी बमोजिम फछर्यौट गरेको देखियो । तालिम सञ्चालन ८ दिन सञ्चालन भएको र प्रतिदिन १:३० घण्टाको ४ शेसन कक्षा सञ्चालन गरेको आधारमा ३२ शेसन प्रतिशेसनको रु.३४०० का दरले रु.१,०८,८०० प्रशिक्षक भत्ता खर्च लेख्नुपर्नेमा ४४ शेसनको रु.१,४९,६०० खर्च लेखेको देखियो । १२ शेसनको भुक्तानी दिन नमिल्ने भत्ता बापतको रु.४०,८०० मा १५ प्रतिशत कट्टा गरी रु.३४,६०० भुक्तानी भएको असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | ३४,६०० |
|---|---|

२७ **बैठक भत्तामा बढी दर**

१६४४।२०८१।०३।२१ बागमती प्रदेशको प्रदेश सार्वजनिक खर्च मापदण्ड, २०७८ को परिच्छेद २ बुदा नं ३ मा महाशाखा प्रमुख वा कार्यलय प्रमुखस्तर वा अन्य पदाधिकारीले अध्यक्षता गर्ने बैठकका पदाधिकारीलाई प्रति बैठक एक हजार पाँच सय का दरले बैठक भत्ता भुक्तानी गर्न सकिने व्यवस्था छ । पालिकाले देहायका कक्षा ३ र ४ को शैक्षिक गुणस्तर परीक्षण तथ्याङ्क संकलन तथा तालीम सहजकर्तालाई बैठक भत्ता भुक्तानी गर्दा प्रति बैठक रु.३,४०० का दरले भुक्तानी गरेको देखिन्छ । खर्च मापदण्डमा तोकेको दरभन्दा प्रति बैठक रु.१९०० बढीका दरले भुक्तानी गर्दा गर्नुपर्ने भुक्तानी भन्दा रु.२२,७८० (कर बाहेक) बढी भुक्तानी भएको देखिएकोले सो रकम पदाधिकारीबाट असुल गर्नुपर्ने रु.

| **कर्मचारीको नाम** | **दिन** | **बैठक भत्ता भुक्तानी दर** | **भुक्तानी गर्नुपर्ने दर** | **जम्मा भुक्तानी** | **भुक्तानी गर्नुपर्ने** | **१५ प्रतिशत कर कट्टी** | **बढी भुक्तानी असुल गर्नुपर्ने (कर बाहेक)** |
|---|---|---|---|---|---|---|---|
| स्वदेश महर्जन | ५ | ३४०० | १५०० | १७००० | ७५०० | २५५० | ८०७५ |
| चन्द्रकान्त भुषाल | ४ | ३४०० | १५०० | १३७०० | ६००० | २०५५ | ६५४५ |
| रेणुका अधिकारी | ४ | ३४०० | १५०० | १३७०० | ६००० | २०५५ | ६५४५ |
| सुनिता बराल | १ | ३४०० | १५०० | ३४०० | १५०० | ५१० | १६१५ |
| **जम्मा** | | | | | | | **२२७८०** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **३,२३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | २२,७८० |
|---|---|

२८ **अनुदान वितरण**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छ ।

| क्र.स. | कार्यक्रमको नाम | कृषि/पशु/सहकारी/समुहको नाम | अनुदान रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | प्राङ्गारिक मल विवतर | वडा नं ९ का कृषक समुहलाई | ५००००० | |
| २ | थोपा सिंचाई कार्यक्रम | नेपाल थोपा सिंचाई प्रा लि | २७६८७५ | |
| ३ | मिनिटिलर वितरण | पुष्पा एग्रोसेन्टर | ४२५२५० | |
| ४ | विभिन्न कृषि सामाग्री वितरण | विभिन्न १५ समुहलाई वितरण | ८७२६३४.८५ | |
| ५ | च्याउ पकेट विकास कार्यक्रम | ५० प्रतिशत अनुदान विभिन्न कृषक समुहलाई | ९६३०६८ | |
| **जम्मा** | | | **२९९२८२७.८५** | |

उपरोक्त विवरण अनुसार पालिकाले यस आर्थिक वर्षमा ५ वटा कार्यक्रमको लागि रु.२९,९२,८२७.८५ वितरण गरेको छ । विगत वर्षहरुमा दिएको अनुदानमा दोहोरोपना आउन नदिने गरी अनुदान उपलब्ध गराउन सकिने भिडान गर्न सकिने गरी प्रतिवेदन राखेको छैन । पालिकाबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलब्धी मापन गरेको छैन। अनुदान सम्बन्धमा स्थानीय नीति तयार गरेको छैन। तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ प्रदेश र स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी लाभग्राहीको जीवनस्तरमा सुधार भए नभएको एकिन गर्न समेत सुचकांक प्राप्त हुने गरी अनुगमन प्रतिवेदन तयार हुनुपर्दछ ।

### २९ **विल भरपाई पेश गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्चको अन्तिम भुक्तानी गर्दा विल भरपाई समेतको लेखा राख्नुपर्ने व्यवस्था छ । देहायको खर्चको अन्तिम विल भुक्तानी गर्दा आवश्यक विल संलग्न गरेको देखिएन । तसर्थ पालिकाले देहायको खर्चलाई प्रमाणित गर्ने विल भरपाई संलग्न नगरी भुक्तानी गरेको रु.४,९०,८१९ प्रमाणित गर्ने विल भरपाई पेश गर्नुपर्ने रु.

| गो.भौ.न./मिति | कार्यक्रम | भुक्तानी रकम | प्रमाण पेश नभएको |
|---|---|---|---|
| १७९५।२०८१।०३।२४ | सडक किनारा फुटपातमा वृक्षारोपण कार्यमा मनोज शर्मालाई भुक्तानी | ४९०८१९ | लागत अनुमान, सम्झौता पत्र, नापी किताब, अनुगमन प्रतिवेदन र कार्यस्वीकार प्रतिवेदन |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **८६८,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **३००,१२२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **१७१,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९०,८१९ |

### ३० **बढी दरमा बैठक भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रु **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३१ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ उपनियम ३ तथा ४ र नियम १०६ मा जिन्सी मालसामानको मर्मत सम्भार संरक्षण र लिलाम विक्री गर्ने व्यवस्था रहेको छ । पालिकाले पछिल्लो पटक मिति २०६२ सालमा जिन्सी मालसामानको लिलाम बिक्री सम्बन्धी कारबाही गरेको जनाएको छ । विगत लामो समय देखि लिलाम बिक्री तथा मिन्हा सम्बन्धी कुनै निर्णय र कारबाही नगरिएको कारण टुटफुट तथा बेकम्मा भई काम नलाग्ने जिन्सी सामान बढ्दै जाने सो थन्काउने स्थानको अभाव हुन सक्ने जोखिम देखएको छ । दमकल १ थान बा १ क ३९४९, एम्बुलेन्स १ थान बा २ च ८३५६, कार १ थान बा अ ञ ८६६ तथा ल्यापटप ५, टि टेवल ४, रिभल्विङ्ग चेयर १, मोटरसाइकल ३, प्रिन्टर ३, स्टेण्ड पंखा ३, टेबल २, सोफा सेट २, प्रोजेक्टर १, जेनेरेटर १ र स्टिल दराज लगाएतका सामाग्री मर्मत संभार गर्नुपर्ने जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख छ । तसर्थ पालिकाले नियमावलीमा उल्लेखित व्यवस्था र प्रकृया पुरा गरी जिन्सी प्रतिवेदनमा उल्लेखित सुझावहरुको कार्यान्वियन गर्नुपर्दछ ।

३२ **पाम्समा दाखिला नगरेको**

नेपाल सरकारको २०७७ कार्त्तिक २० गतेको निर्णय अनुसार सबै तहको सरकारी कार्यालयको सार्वजनिक कोषको खर्चमा वित्तीय पारदर्शिता र जवाफदेहिता साथै विद्युतीय सुशासन कायम गरी सेवा प्रवाहमा चुस्तता, गुणस्तरीयता र प्रभावकारिता कायम गर्न यो सफ्टवेयर ३ वटै सरकारले लागू गर्नुपर्ने उल्लेख छ । पालिकाले खरिद गरेका सबै सामान तोकिए अनुसार PAMS(Public Assets Management System) मा अभिलेख जनाई आवश्यकता अनुसार खर्च लेख्नुपर्दछ । पालिकाले केन्द्रबाट खरिद गरिएका सामानहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली लागू गरी यस वर्षबाट जिन्सी व्यवस्थापन सुरु गरेतापनि पूर्ण रुपमा PAMS मा चढाएको पाईएन । त्यसैगरी वडा कार्यालयहरुबाट खरिदको दाखिलाहरु समेत PAMS मा नचढाएको कारण पालिकाभरिको सम्पूर्ण सार्वजनिक सम्पत्ति तथा सोको मौद्रिक मूल्य सम्बन्धमा यकिन गर्न सकिएन । पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली(PAMS) वडाहरुबाट खरिद हुने सामानको हकमा लागू गरेको नपाईएकाले पालिकाले खरिद गरेका वस्तु तथा सेवाको अभिलेख तथा संरक्षण सही तथा यथार्थ छ भन्नेमा पूण रुपमा विश्वस्त हुन सक्ने अवस्था भएन । पालिका केन्द्र तथा वडाहरुबाट खरिद भएका सम्पूर्ण वस्तु तथा सेवा समेत चढाउने यस प्रणालीको पूर्ण रुपमा लागू गरी सम्पत्तिको अभिलेख तथा संरक्षण गर्नुपर्दछ ।

३३ **सोझै खरिद**

४९।२०८०।०७।०२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा सोझै खरिद गर्न सक्ने सम्बन्धी व्यवस्था रहेको छ । नगरपालिकाका रणनीतिक स्थानहरुमा CCTV जडान तथा मर्मत कार्य गर्न विभिन्न १३ वटा आइटमको लागत अनुमान तयार गर्न Solution tech Pvt.Ltd. सँग दर माग गरी रु.९,६८,२६३।१० को लागत अनुमान तयार गरी रु.९,५३,५३३।५५ मा सम्झौता गरेको छ । उक्त कार्यका लागि लागत अनुमान तयार गर्न जुन सप्लायर्ससँग दरमाग गरेको हो सोही सप्लायर्ससँग कार्य गर्न सम्झौता गरेको देखिन्छ । उक्त जडान कार्य मिति २०८० आश्विन १७ मा सुरु गरी मिति २०८० कार्तिक ३० मा सम्पन्न गरेको कार्यमा सबै CCTV हरु संचालनमा रहेको देखिदैन । तसर्थ पालिकाले लागत अनुमान तयार गर्दा कम्तीमा तीन वटा सप्लायर्ससँग रेट माग गरी तीनवटाको औषत रकमलाई लागत अनुमान तयार खरिद प्रकृयामा जानु पर्नेमा सो गरेको देखिएन । तसर्थ नियमावलीमा भएको व्यवस्थाको पालना नगरी खरिद गरेको कार्य नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९,५३,५३३ |

३४ **उपभोक्ता समितिको शून्य जनश्रमदान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(२) मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा उपभोक्ता समितिले व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम खुलाउनु पर्ने तथा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सार्वजनिक निर्माण कार्य गराउने सम्बन्धी कार्यविधि, २०७८ को बुँदा नं. १७ को अनुसूची - ४ मा उपभोक्ता समितिसँग निर्माण कार्यको सम्झौता गर्दा लागत सहभागिता (नगद/श्रमदान/

वस्तुगत) कम्तिमा १० प्रतिशत नघट्ने गरी गर्नुपर्ने व्यवस्था छ । पालिकाले सार्वजनिक खरिद नियमावली र कार्यविधिमा भएको व्यवस्था अनुसार उपभोक्ता समितिको योगदान निर्धारण गरी कार्य गराउनुपर्नेमा सो नगरी कार्य गराएको छ । पालिकाले उपभोक्ता समितिबाट कार्य गराउदा रोजगारी सृजना हुने तथा आयोजनाको स्वामित्व र अपनत्व समेत उपभोक्ताकै हुने कार्य मात्र उपभोक्ता समितिबाट गराउनु पर्नेमा पालिकाले तल उल्लेखित विभिन्न निर्माण कार्य गराउदा जनश्रमदान तथा जनसहभागिता न्यून रहेको पाइयो । नियममा उल्लेखित व्यवस्था बमोजिम उपभोक्ता समितिबाट कार्य गराउदा उपभोक्ता समितिले व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम नखुलाई अनुपातिक कट्टी घटी हुने गरी कार्य गराइ भुक्तानी गरेको रु.२९,३८,४०० नियमसम्मत नदेखिएको रु.

| गो. भौ. नं./ मिति | उपभोक्ता समिति र काम | लागत अनुमान/ सम्झौता रकम | कार्य सम्पन्न रकम | भुक्तानी रकम | उपभोक्ताले व्यहोर्नु पर्ने न्यूनतम योगदान | घटी अनुपातिक कट्टी रकम |
|---|---|---|---|---|---|---|
| ५७१।०८१। ३।५ | पाटी पुनः निर्माण तुलननी उपभोक्ता समिति | ३०२१७२९ | ३००२७५९ | २९६१८०० | ३००२७५ | २७५६०९ |
| ५६८।०८१। ३।४ | विसंतकी भजन भवन निर्माण उपभोक्ता समिति | ९९९४९४ | ८२८८८४ | ८२८००० | ८२८०० | ८२८०० |
| ५६३।०८१। ३।४ | नगदेशको जात्राहरुमा प्रयोग हुने खटहरुको छाना निर्माण उपभोक्ता समिति | ९३६७९२ | ९२३२३० | ९२२०२५ | ९२३२३ | ९२३२३ |
| ५५६।०८१। ३।२ | तहाद्यो सँगैको गणेश मन्दिर पुनः निर्माण उपभोक्ता समिति | १४९९९३८ | १४६३५६४ | १४६२७०० | १४६३५६ | १४५४९२ |
| ५५१।०८१। २।३१ | प्रगति बाचनालयसँगको पाटी निर्माण उपभोक्ता समिति | ९९६१४७ | ७२७२१६ | ७०४८९६ | ७२७२१ | ५०४०१ |
| ५५३।०८१। २।३२ | पाटी निर्माण र ईनार सुधार चोडे उपभोक्ता समिति | १००११६१ | ९०८७७९ | ९०६४१९ | ९०८७७ | ८८०४२ |
| ५२३।०८१। २।२१ | पु हिटी परिसरमा पर्खाल निर्माण उपभोक्ता समिति | २१०६७६ | २०६७४६ | २०६७४६ | २०६७४ | २०६७४ |
| ४८६।०८१। २।८ | भंलाखेल पाटी पुनः निर्माण उपभोक्ता समिति | २४८०५६६ | २२२१९१९ | २२२१९१९ | २२२१९१ | २२२१९१ |
| ७३४।०८१। २।९ | करुणामय लोकेश्वर मन्दिर जीर्णोद्धार उपभोक्ता समित | ४९९५११९ | ३६०९५९२ | ३६०४२५५ | ३६०९५९ | ३६०९५९ |
| ३८९।०८१। १।४ | पाटी पुनः निर्माण त्वा फल्चा भुलाँखेल उपभोक्ता समिति | २९९८४५५ | २९७४७८८ | २९७०९०० | २९७०९० | २९३२०२ |
| ८१८।०८१। ३।२४ | भीमसेन मन्दिर पाटी पुनः निर्माण उपभोक्ता समिति | ५४९२७०३ | ४३२६७५० | ४३९९३२० | ४३२६७५ | ० |
| ७८९।०८१। ३।२४ | महादेव मन्दिर परिसर सत्तल उपभोक्ता समिति | ३४८९९५० | २६२८९४२ | २६२५१०० | २६२८९४ | २५९०५२ |
| ७५६।०८१। ३।२४ | कोर्चा महादेव परिसर उपभोक्ता समिति | १५८६९७७ | १५११५३० | १५१०६१८ | १५११५३ | १५०२४१ |
| ७३६।०८१। ३।२४ | थिमी लायकु दरबार मूल ढोका निर्माण उपभोक्ता समिति | ४९८७३७५ | ४०७७९०६ | ४०७७४०० | ४०७७९० | ४०७७९० |
| ५७९।०८१। ०८१।३।७ | निकोशेरा ब्याग गणेश मन्दिर पाटी उपभोक्ता समिति | ४९९९९४५ | ४९६४८६२ | ४९५८००० | ४९६४८६ | ४८९६२४ |
| **जम्मा** | | | | | | **२९३८४००** |

| | |
|---|---|
| अनियमित भएको | २९,३८,४०० |

३५ **१.५ प्रतिशत कर कट्टी**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **२८,६९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

३६ **कार्य स्वीकार प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७(२क) (१) मा सार्वजनिक निर्माण कार्यको हकमा कम्तीमा ९० प्रतिशत भौतिक प्रगति भएकोमा निर्माण व्यवसायीले सम्पन्नको अनुरोध गरेमा सार्वजनिक निकायले कार्य स्वीकार प्रतिवेदन तयार गर्न सक्ने व्यवस्था छ । पालिकाले देहायको योजनाको अन्तिम कार्य स्वीकार प्रतिवेदन तयार गर्दा नियमावलीमा भएको व्यवस्था अनुसार ९० प्रतिशत भन्दा कम भौतिक प्रगति हुँदा समेत योजनाको कार्य स्वीकार तयार गरी अन्तिम भुक्तानी गरेको देखिन्छ । उपभोक्ता समितिबाट कार्य गराउँदा नियमावलीमा भएको व्यवस्था भन्दा कम कार्य प्रगति हुँदा समेत कार्य स्वीकार तयार गरी योजनाको अन्तिम भुक्तानी गरेको अवस्था छ । देहायका योजनामा कार्य स्वीकार तयार गरी अन्तिम भुक्तानी गरेकोमा नियमावलीमा भएको व्यवस्था भन्दा कम काम हुँदा समेत अन्तिम भुक्तानी गरेको कार्य नियमसम्मत नदेखिएको रु.

| **भौ नं मिति** | **उपभोक्ता/योजनाको नाम** | **सम्झौता रकम** | **कार्य सम्पन्न** | **न्यून कार्य प्रगति** |
|---|---|---|---|---|
| ७७७।०८१।३।२४ | सानोठिमी सार्वजनिक शौचालय तथा बस बिसौनी निर्माण उपभोक्ता समिति | ४३३५५७६ | २८९५०११ | ३३.२३ |
| ७८३।०८१।३।२४ | रामेश्वर मन्दिर निर्माण उपभोक्ता समिति | ३०९४७९१ | १७६७०९५ | ४२.९० |
| ७६०।०८१।०३।२४ | बालकुमारी हात्तीमहाकाल ढुङ्गा छपाई उपभोक्ता समिति | ३७१५३१० | ६४६३२९ | ८२.०६ |
| ७६१।०८१।३।२४ | विष्णुकुण्डल परिसर उपभोक्ता समिति | ३७०५३११ | २४२६९३४ | ३४.०५ |
| ७२६।०८१।३।२३ | दिगुबाहा गुणकिर्ती महाविहार उपभोक्ता समिति | ३९९९५३१ | २६५२२८४ | ३३.६८ |
| ६९८।०८१।३।२३ | सिद्धिकाली परिसर उपभोक्ता समिति | ३०९६०८३ | ९३६१०८ | ६९.७६ |
| **जम्मा** | | | **११३२३७६१** | |

| अनियमित भएको | १,१३,२३,७६१ |
|---|---|

३७ **नियमावलीमा तोकिए भन्दा बढी पेश्की**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२(क) मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकबाट अग्रिम बैंक जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सक्नेछ । पालिकाले Road maintenance work of i) road eastside of Army basracy and ii) Aarniko Highway Madhyapur Hospital road ward no. 2 and 4 (ठेक्का नं MTM/NCB/works/14/079/80) को योजना सञ्चालन गर्न रु.३७,६४,०३४ (भ्याट र पिएस समेत) मा जङ्ग निर्माण सेवासँग मिति २०८० आषाढ २० भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०८० जेष्ठ ९ मा सम्झौता गरेको छ । ऐनमा भएको व्यवस्था अनुसार कार्य प्रारम्भ गरेको समयमा १० प्रतिशतले हुने रु.३,७६,४०३ र कार्य सुरु गरिसके पश्चात १० प्रतिशतले हुने रु.३,७६,४०३ समेत गरी सम्झौता रकमको २० प्रतिशतले हुने रु.७५२८०६ सम्म पेश्की दिनसक्नेमा पहिलो पटक भौचर नम्बर ३१ मिति २०८०।६।२३ मा रु.३,७६,००० र पुनः दोस्रोपटक भौचर नम्बर ६३ मिति २०८०।७।२४ मा रु.४,०५,३३५ गरी दुईपटक रु.७,८१,३३५ निकासा गरेको छ । निर्माण व्यवसायीले दुईपटक APG रु.७,५२,८०६ को जमानत पेश गरेको छ । ऐनमा भएको व्यवस्था र सम्झौता रकमको २० प्रतिशत तथा APG अनुसार दिनुपर्ने भन्दा बढी पेश्की निकासा गरेको रु.२८,५२९ नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | २८,५२९ |
|---|---|

३८ **उपभोक्ता समितिबाट जटिल प्रकृतिको कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले उपभोक्ता समितिबाट आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितको भवनहरु निर्माण र मर्मतका कार्य गराएको छ । उपभोक्ता समितिबाट भवन निर्माण गर्दा भवनमा प्रयोग हुने दक्ष जनशक्ति तथा मेशिनरी औजारको सहज उपलब्धता समेतमा उपभोक्ता समितिलाई कठिन हुने देखिन्छ । उपभोक्ता समितिको स्वामित्वमा रहने र निर्माण कार्यबाट प्रत्यक्ष लाभ नलिने प्रकृतिका कार्य उपभोक्ता समितिबाट गराउदा त्यसको प्राविधिक जनशक्ति र निर्माण कार्यको गुणस्तर कायम हुने किसिमका गरी कार्य गराउनुपर्दछ । उपभोक्ता समितिबाट निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन, उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका कुराहरुको समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्नुपर्दछ ।

| **भौ नं मिति** | **उपभोक्ता समितिको नाम** | **लागत अनुमान** | **भुक्तानी रकम** | **उपभोक्ता समितिको जनश्रमदान** |
|---|---|---|---|---|
| ७५०।०८१। ३।२४ | सेन्ट्रल स्कुल चमेना गृह भवन निर्माण उपभोक्ता समिति | ७३६५०७३ | २६६३७१३ | ५३२७४२ |
| ७२४।०८१। ३।२४ | ने.को.मै.न.पा. अस्पताल ब्लड बैंक रेडियोजलोजीमा प्याराफिट वाल मिटिङ्ग हल ह्वाईलेट तथा ट्रष्ट निर्माण उपभोक्ता समिति | ७४८९६९० | ३४०९०४३ | ६८१८०८ |
| ७२५।०८१। ३।२३ | नेपाल कोरियामैत्री नगरपालिका अस्पताल क्यान्टिन ब्लक तथा पानी प्रशोधन प्लान्ट निर्माण उपभोक्ता समिति | ७८७९४९२ | ६३९८१७३ | १४८१३१८ |
| ५२१।०८१। २।२० | द्योमा जगत वृद्धाश्रम भवन निर्माण क्रमागत उपभोक्ता समिति | ६१९७२४२ | ४९५१९६४ | १२३७९९१ |

३९ **एज विल्ट ड्रईङ**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

४० **सामाजिक सुरक्षा तर्फ**

४०.१ **सामाजिक सुरक्षा तथा संरक्षण** - पालिकाभित्र सञ्चालन गरिने वार्षिक कार्यक्रम अन्तर्गतका क्रियाकलापहरु र सेवा प्रवाहसम्बन्धी लगायत सबै प्रकारका कार्यक्रम सञ्चालनको लागि निर्दिष्ट गरिएका नीति, ऐन, कानून, निर्देशिका, कार्यविधि एवं निर्णय बमोजिम सम्पन्न गरी गैह्र तथ्याङ्क र तथ्याङ्कसहितको प्रगति प्रतिवेदन बनाई अभिलेख अद्यावधिक र व्यवस्थित गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा ४७२५ जना लाभग्राहीको सामाजिक सुरक्षा बापत रु.१९,९७,१८,६७८ खर्च लेखेकोमा देहायानुसार व्यहोरा देखिएका छन् :

- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ४ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी वर्षमा पनि भत्ता लिन चाहेमा प्रत्येक आ.व. को कार्तिक मसान्तभित्र अनुसूची (२) बमोजिमको ढाँचामा सम्बन्धीत वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा लाभग्राहीबाट दरखास्त लिने गरेको देखिएन ।
- कार्यविधिको दफा २७ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण गर्न स्थानीय समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा समिति गठन भएको र मूल्याङ्कनको कार्य भएको देखिएन ।
- कार्यविधिको दफा ३१ मा भत्ता प्राप्त गर्नेहरुको विवरण स्थानीय सभामा पेश गर्नुपर्ने र खर्चको समीक्षा समेत गर्नुपर्ने भन्ने व्यवस्था रहेकोमा पालिकाले लाभग्राहीहरुको विवरण सभामा पेश गरी समीक्षा गरेको देखिएन ।
- सोही कार्यविधिको दफा ३२ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम/नामेसी स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने तथा वडा कार्यालयहरुले समेत सार्वजनिक गरी राख्नुपर्नेमा दफा (३४) बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा

कम्तिमा एकपटक सामाजिक कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्बोधन गर्नुपर्ने उल्लेख भएकोमा वेभसाइटमा राख्ने तथा सार्वजनिक सुनुवाई गरेको देखिएन ।

तसर्थ: कार्यविधिमा भएको व्यवस्था बमोजिम लाभग्राहीहरु दर्ता, नविकरण, लगतकट्टा समेतको अद्यावधिक अभिलेख तयार गरी सार्वजनिकीकरण गर्नुपर्दछ ।

४०.२ लाभग्राहीको खातामा रकम रहनुका कारणहरु :

- KYC Update नभएको,
- नगरपालिकाले excel sheet मा इमेल पठाएको तर reverse feed मा upload नगरेको,
- सम्पर्कविहिन व्यक्तिहरुको सामाजिक सुरक्षा परिचय पत्रमा नभएकाहरुको रकम सामाजिक सुरक्षा (विशेष) बचत खातामा रहेको,
- सुरुमा Dummy account खोली सुरक्षा भत्ता जम्मा गरिने भएकाले खाता सञ्चालन नभई लाभग्राहीको मृत्यु हुनु,
- कुनै-कुनै लाभग्राही परिवारको एक्लो हुनु, मृत्युपश्चात मृत्यु दर्ता सूचक नहुनु र बैंकको भत्ता दाबी नगर्नु,
- स्थायी ठेगाना भन्दा अन्यत्र बढी बसोबास गर्नाले जनप्रतिनिधिले लाभग्राहीको स्थिति यकिन गर्न नसक्नु,
- बैंकिङ्ग प्रणालीको सुरुवाती चरणमा शत प्रतिशत लाभग्राहीको भत्ता नविकरण नहुनु,
- मृत्यु भएको जानकारी सम्बन्धीत निकायलाई पछि हुनु, समयमै लगत कट्टा नुहुनु,
- VERSP-MIS प्रणालीमा एकै व्यक्तिको नाम दोहोरो दर्ता भई दोहोरो रुपमा Dummy A/C सञ्चालन हुनु, दुबै खातामा भत्ता रकम जम्मा हुनु,
- एकै व्यक्तिको नाम VERSP-MIS प्रणालीमा दोहोरो दर्ता भई दोहोरो रुपमा Dommy Account सञ्चालन हुनु र दुवै खातामाहरुमा समेत सामाजिक सुरक्षा भत्ता रकम जम्मा हुनु,
- सामाजिक सुरक्षा लाभग्राहीको खातामा रकम जम्मा गरी सकेको रकम पुनः फिर्ता गर्न नीतिहरुमा व्यवस्था नहुनु ।

व्यक्तिगत घटना दर्तामा मृत्यु दर्ता गर्दा सामाजिक सुरक्षा लाभग्राहीको स्वत : लगत कट्टा हुने प्रणाली भएतापनि पूर्ण रुपमा कार्य नगर्नु (लगत कट्टा भईसकेको अवस्थामा समेत बैंकमा रकम जम्मा भइरहनु) लगायत कारण रहेका छन् ।

४०.३ **लाभग्राहीको खातामा गत विगतको मौज्दात** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ बमोजिम लगत कट्टा र लगत अभिलेख अद्यावधिक गर्नुपर्ने, दफा १५ (३) मा भत्ता प्राप्त गर्ने लाभग्राहीले सोही आर्थिक वर्ष भित्र रकम बुझिसक्नुपर्ने, दफा १५(४) मा मृत्यू भएका लाभग्राहीको मृत्यू भएको दिन सम्मको निजको हक वालाले रकम प्राप्त गर्न सक्ने व्यहोरा उल्लेख छ । सोही कार्यविधिको दफा २३(५) मा सामाजिक सुरक्षा भत्ताको खाता सञ्चालन गर्ने बैंक तथा वित्तीय संस्थाले निष्कृय खाताको विवरण प्रत्येक श्रावण भित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई दिनुपर्ने र दफा २३(६) बमोजिम उक्त खातामा जम्मा रहेको रकम मध्ये केही वा सबै रकम रोक्का राख्न वा फिर्ता गर्न सम्बन्धित स्थानीय तह वा विभागबाट लेखि आएमा सोही बमोजिम रोक्का वा फिर्ता गर्नुपर्ने उल्लेख छ । नेपाल सरकारले बैंकिङ्ग प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४ अनुसार एक व्यक्ति एक बैंक खाता हुनुपर्ने र पालिकाहरुले forward feed(excel sheet) मार्फत बैंकहरुलाई सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुले पाउने रकम तोकी खातामा राखिदिने शर्तमा पठाउने गरेको थियो । हाल नगरपालिकाले आ व २०८०।८१ देखि piloting को रुपमा EFT प्रणाली मार्फत भत्ता वितरण व्यवस्था मिलाएको देखियो । तर, यस भन्दा अगाडिको forward feed प्रणालीबाट चेक मार्फत बैंकलाई लाभग्राहीहरुको खाता मार्फत भुक्तानी गर्न excel sheet पठाएको रकम गत विगत वर्षहरुको भत्ता रकम सम्बन्धित आर्थिक वर्ष भित्रमा बुझिसक्नुपर्नेमा केही लाभग्राहीहरुको रकम बाँकी रहेको आधारमा नगरपालिकाले सो सम्बन्धी विवरण माग गरी मिति २०८१ माघ १८ पत्राचार गरेकोमा

देहाय अनुसार ९ वटा बैंकबाट प्राप्त विवरण अनुसार ७५४ जना लाभग्राहीहरुको रु. ५४,८२,४६३ लामो समयदेखि लाभग्राही खातामा रहेको देखियो ।

४०.४ अत : सामाजिक सुरक्षा वितरण कार्यविधि, २०७७ को उल्लिखित व्यवस्था बमोजिम सम्बन्धीत बैंकहरुले आर्थिक वर्ष भित्र लाभग्राहीहरुले नबुझी खातामा बाँकी रहेको रकम ९ वटा बैंकहरुका ११ वटा शाखामा बाँकी रहेको देहाय बमोजिमको रु.५४,८२,४६३ सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| क्र सं. | बैंकको नाम | लाभग्राहीको वडा नं | निष्क्रिय रकम | कैफियत |
|---|---|---|---|---|
| १ | माछापुच्छ्रे बैंक | ४ | १४१३२२८ | ५५ जना लाभग्राहीको निष्क्रिय रकम |
| २ | सिटिजन बैंक | ४ र ५ | ३५३२२५.८० | ५९ जना लाभग्राहीको पार्किङ्ग खातामा बाँकी |
| ३ | राष्ट्रिय बाणिज्य बैंक | २ | ७८५९१९.७० | ४७ जना लाभग्राहीको निष्क्रिय रकम |
| ४ | कुमारी बैंक लिमिटेड | १ | ३६७७३१.८९ | १७ जना लाभग्राहीको निष्क्रिय र मृत्यू भई खाता बन्द भएको |
| ५ | सिद्धार्थ बैंक लिमिटेड | ३ | ५२६५५६.७८ | ५० जना लाभग्राहीको निष्क्रिय रकम |
| ६ | एन आइ सि एसिया बैंक | १ | ६२२३७२.५८ | ५८ जना लाभग्राहीको कारोबार नभई निष्कृय रकम बाँकी |
| ७ | नेपाल बैंक लिमिटेड | ४ र ५ | १४१३४२८.३० | ४६८ जना लाभग्राहीको निष्कृय खातामा बाँकी रहेको रकम |
| ८ | एन आइ एम बी बैंक लिमिटेड | ८ र ९ | | विवरण माग गरे बमोजिमको ढाँचामा निष्कृय खाताको व्यहोरा र रकम एकिन गर्न सकिने सूची प्राप्त नभएको । |
| ९ | कुमारी बैंक | ७ | | विवरण माग गरे बमोजिमको ढाँचामा निष्कृय खाताको व्यहोरा र रकम एकिन गर्न सकिने सूची प्राप्त नभएको । |
| १० | राष्ट्रिय बाणिज्य बैंक वाखाबजार | ५ र ६ | | लाभग्राहीको निष्कृय खातामा मौज्दात रहेको विवरण प्राप्त नभएको । |
| ११ | कृषि विकास बैंक लिमिटेड | | | लाभग्राहीको निष्कृय खातामा मौज्दात रहेको विवरण प्राप्त नभएको |
| **जम्मा** | | | **५४८२४६३.९२** | |

द्रष्टव्यः नगरपालिकाले मिति २०८१ माघ १८ गते पत्राचार गरी उल्लेखित बैंकहरुलाई निष्कृय खाताको विवरण माग गरेकोमा सि न १ देखि सि नं ७ सम्मको ७ वटा शाखाबाट विवरण प्राप्त भएको आधारमा बेरुजू रकम उल्लेख गरिएको छ । एन आइ एम बी बैंक र कुमारी बैंकले विवरण पठाएकोमा निष्कृय खाताको लाभग्राहीको संख्या र रकम खुल्ने गरी विवरण नपठाएको कारण एकिन गर्न सकिएन । राष्ट्रिय बाणिज्य बैंक बाखाबजार र कृषि विकास बैंक लिमिटेड समेत २ बैंकले विवरण पेश गरेका छैनन । उल्लेखित बैंकहरुसँग विवरण लिई एकिन गरी निष्कृय खाताको रकम सञ्चित कोषमा फिर्ता गराउनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५४,८२,४६३.०५ |

## ४१ कमेरोटार जग्गा एकीकरण आयोजना

४१.१ **परिचय** – कमेरोटार जग्गा एकीकरण आयोजना नगर विकास ऐन, २०४५ को दफा ३ को उपदफा ३.३ मा भएको व्यवस्था बमोजिम कमेरोटार क्षेत्रमा रहेका जग्गाको विभिन्न कित्ताहरुलाई एकीकरण गरी नगर योजना अनुरुप सेवा सुविधाको व्यवस्था गर्न श्री ५ को सरकारबाट मिति २०६१ माघ ५ मा स्वीकृत भई सञ्चालनमा रहेको छ । मध्यपुर थिमि नगरपालिका भक्तपुर अन्तर्गत साविक बालकुमारी गा.वि.स. वडा नं ३, ६ र ९ हाल मध्यपुर थिमि नगरपालिका वडा नं १४, १२ र ११ एवं साविक भिमसेन गा.वि.स. का

वडा नं ३, ४, ५, ६ र ७ हाल नगरपालिकाका वडा नं ८, ९ र १० भित्र रहेका विभिन्न कित्ताहरुलाई एकीकरण गरी नगर योजना अनुरुप सेवा सुविधाको व्यवस्था गर्न यस आयोजनाको स्थापना भएको हो । यसको क्षेत्र पूर्वमा राजकुलो पश्चिममा अरनिको राजमार्ग वप्पादेखि लाभाडोल भुलुखुचा हुँदै पुरानो बाहाखा बजार उत्तरमा काठमाडौं-भक्तापुर पुरानो पिच सडक र दक्षिणमा अरनिको राजमार्ग सम्म रहेको छ । मिति २०८१ आषाढ ९ को कमेरोटार जग्गा एकीकरण आयोजना व्यवस्थापन उप समितिको ५३ औं बैठकबाट निर्णय गरी आयोजनाको अवधी थप गरी मिति २०८२ आषाढ मसान्त सम्म कायम गरेको छ ।

४१.२ यस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको संयुक्त हस्ताक्षरमा खर्चको व्यवस्थापन गर्दै आएको यस आयोजनाको एकीकृत आर्थिक विवरण देहाय बमोजिम रहेको छ ।

| आय तर्फ | | | व्यय तर्फ | | |
|---|---|---|---|---|---|
| सि नं | अल्य र आय शीर्षक | रकम | सि नं | व्यय र मौज्दात | रकम |
| १ | **गतवर्षको मौज्दात अल्या** | | १ | **चालु खर्च** | ११०६३४७६.८३ |
| | आम्दानी खाता नेपाल बैंक लिमिटेड थिमि शाखा | ११६५९१६२३.४५ | २ | **पूँजीगत खर्च** | ७५९२९४६५ |
| | आम्दानी खाता रा बा बैंक थिमि शाखा | ३६०४६.०१ | ३ | **धरौटी फिर्ता** | २३४०००० |
| | पूँजीगत खाता नेपाल बैंक लिमिटेड थिमि शाखा | १८३५ | ४ | **मौज्दात** | |
| | चालू खाता नेपाल बैंक लिमिटेड थिमि शाखा | ६१९६४७.२९ | | आम्दानी खाता नेपाल बैंक लिमिटेड थिमि शाखा | ३४०८९१६६.४२ |
| | धरौटी खाता नेपाल बैंक लिमिटेड थिमि शाखा | १६५४०२१२.६६ | | आम्दानी खाता रा बा बैंक थिमि शाखा | ३६०४६.०१ |
| २ | **आन्तरिक राजश्व** | | | पूँजीगत खाता नेपाल बैंक लिमिटेड थिमि शाखा | २३७० |
| | वित्तीय निकायबाट प्राप्त व्याज | १५६५२०३.५७ | | चालू खाता नेपाल बैंक लिमिटेड थिमि शाखा | ५६१७०.४६ |
| | सरकारी सम्पत्तिको विक्रीबाट प्राप्त आय | २०२०८८७.४० | | धरौटी खाता नेपाल बैंक लिमिटेड थिमि शाखा | ३११२३३४४.६६ |
| | अन्य विक्रीबाट प्राप्त आय | ३४१४५२ | | | |
| ३ | **धरौटी आय** | १६९३३१३२ | | | |
| **जम्मा** | | **१५४६५००३९.३८** | **जम्मा** | | **१५४६५००३९.३८** |

४१.३ **आयोजनाको प्रगति -** आयोजना मिति २०६१ माघ ५ मा स्थापना भई सञ्चालनमा आएको छ । आयोजनाको दुईपटक जग्गा अधिकरण समेतको विक्री र आय प्राप्तको प्रगति ८२.२० प्रतिशत छ । स्थायी लालपुर्जा वितरण गर्नुपर्ने संख्या २१२९ रहेकोमा १७४७ (८३.३२ प्रतिशत) जनालाई वितरण गरेको छ । प्रस्तावित सेल्स प्लटहरुको क्षेत्रफल ५३१४६.७७ व.मी मध्ये खुल्ला प्रतिस्पर्धाबाट क्षे.फ. २२३९०.३७ व.मी. का १४४ वटा प्लटहरु र नेपाल टेलिकमलाई २५,२४८.२१ व.मी. समेत गरी जम्मा ४७,६३८.५८ व.मी. बिक्री भई ८९.६४ प्रतिशत प्रगति भएको देखिन्छ । त्यस्तै बाँकी रहेको ५५०८.१९ व.मी. जग्गा मध्ये ३९९०.०७ व.मी. विक्री गरेको छ भने भने आयोजनाको १५१८.१२.व.मी. जग्गा विक्री गर्न बाँकी रहेको देखिन्छ । मिति २०८१ जेठ मसान्तसम्मको भौतिक पूर्वाधार निर्माणको प्रगति ९९.७५ प्रतिशत, बाटोहरुको दुबै तर्फ ढुंगाको गाइडवाल/रिटेनिङ्ग वाल लगाउने कार्यको प्रगति ९९ प्रतिशत, वर्खे पानी

निकासको लागि आर.सि.सि.ह्युम पाईप बिछ्याउने कार्यको प्रगति ९५ प्रतिशत, सडकहरुमा फुटपाथ बनाउने कार्यको प्रगति ४० प्रतिशत, सडकहरुमा सव वेस गर्ने कार्यको प्रगति ३८ प्रतिशत, सडकहरुमा वेस कोर्ष विछ्याई कालोपत्र गर्ने कार्यको प्रगति २८ प्रतिशत, खानेपानी पाईप लाईन बिछ्याउने कार्यको प्रगति ८७ प्रतिशत र विद्युतिकरण अन्तर्गत विद्युतिय खम्बा गाड्ने, ट्रान्सफर्मर जडान गर्ने र विद्युतिय तार तान्ने कार्यको प्रगति ८० प्रतिशत भएको देखिन्छ । आयोजनाको स्थापना भएको करिब २० वर्षको अवधिमा समेत सम्पूर्ण कार्य सकि नगरपालिकालाई हस्तानतरण गरेको देखिएन । तसर्थ आयोजनाको अवधि लम्बिदा लागत समेत बढ्दै जाने देखिएकोले आयोजनाको अवधि भित्र कार्य सक्ने तर्फ पहल गर्नुपर्दछ ।

४१.४ **कमेरोटार आयोजना भित्र निर्माण कार्य** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम १११ सम्झौता अनुसार कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ । ऐनको दफा ६३ अनुसार सम्झौता बमोजिमको निर्माण कार्य नगरेमा निर्माण व्यवसायीसँग भएको सम्झौता रद्द गरी कालो सूचीमा राख्न सार्वजनिक सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउनुपर्ने व्यवस्था छ । कमेरोटार जग्गा एकीकरण आयोजना भित्रका सडकहरुमा विद्युतिकरण गर्ने खानेपानी पाईपलाईन विछ्याउने सडकहरुको स्तरोन्नती गरी फुटपाथ सहित कालोपत्रे गर्ने कार्य (ठेक्का नं KLPP02/075/76) को सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्

- लागत अनुमान रु.७४,२६,९९,८५०।१० (भ्याट र पिएस बाहेक) तयार गरी मिति २०७८ माघ १ भित्र कार्य सम्पन्न गर्ने गरी रु.५४,६५,५१,८०५।५९ मा श्री श्रेष्ठ/नागार्जुन/मडभरी एण्ड जोशीसँग मिति २०७६ माघ १ मा सम्झौता गरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार निर्माण कार्यको तेस्रो पटक मिति २०८१ बैशाख ६ को निर्णय अनुसार मिति २०८२ बैशाख ३० सम्म म्याद थप गरेको,
- आयोजनाले उक्त आयोजनाको लागि १४ औं रनिङ्ग विल सम्म मूल्य समायोजना समेत रु.३४,६०,४७,७४४।७१ भुक्तानी गरेको,
- यस वर्षमा १४ औं रनिङ्ग विलबाट मिति २०८१।१।१४ मा रु.२००१९३९६.१२ भुक्तानी गरेको,
- निर्माण कार्यमा बोलपत्रदाताले कार्य सम्पन्न गर्ने समय भन्दा १५० प्रतिशत थप गर्दा समेत कार्य सम्पन्न नगरेको कारण निजको नाममा रहेको अग्रिम पेश्की वापतको रु.४,२९,४७,००० जफत गरी भौचर नं ३८ बाट मिति २०८१ माघ २० मा आयोजनाको नाममा दाखिला गरेको,

तसर्थ आयोजना र निर्माण व्यवसायीबीच भएको सम्झौता र सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा उल्लेख भएको कानूनी व्यवस्था पुरा गरी निर्माण कार्य सम्पन्न गर्ने तथा गराउने कार्य गराउनुपर्दछ ।

४१.५ **ट्याक कोटमा बढी भुक्तानी** - भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतको सडक विभागले जारी गरेको सडक तथा पुल निर्माण कार्यको स्ट्यान्डर्ड स्पेशिफिकेशन, २०७३ को पेज नं २१६ को टेवल नं १३.१० मा रिसिलिङ्ग र प्याचिङ्ग गरिने पुरानो बिटुमिनस सडकमा प्रति बर्ग मिटर ०.४० देखि ०.६० लिटर र नयाँ सडकमा प्राइम कोट गरिएको क्षेत्रफलमा प्रतिवर्ग मिटर ०.५० देखि ०.६० लिटर ट्याककोट लाग्ने उल्लेख गरेको छ । आयोजना भित्रका सडक पिच गर्ने कार्यमा निर्माण व्यावसायीसँग भएको सम्झौता अनुसार प्राइम कोट १,०३,३१९.४५ लिटर र ट्याककोट ७२,३२३.६० लिटर लाग्ने अनुमान गरेको छ । सडक विभागले जारी गरेको स्ट्यान्डर्ड स्पेशिफिकेशन अनुसार प्राइम कोट १,०३,३१९.४५ लिटर प्रयोग हुँदा ट्याककोट अधिकतम ०.६ लिटर प्रयोग हुँदा लागत अनुमानमा ६१,९९१.६७ लिटर प्रयोग हुने देखिन्छ । आयोजनाले यस वर्ष सम्म उक्त कार्यको लागि प्राइम कोट २७,४१६.७३ लिटरको रु.१०५ का दरले रु.२८,७८,७५६.६५ र ट्याक कोट १९,५७१.८० लिटरको रु.१०५ का दरले रु.२०,५५,०३९ भुक्तानी गरेको छ । आयोजनाले उक्त निर्माण श्री श्रेष्ठ/नागार्जुन/मडभरी एण्ड जोशीलाई ट्याककोटको रकम भुक्तानी गर्दा रकम भुक्तानी गर्दा स्ट्यान्डर्ड स्पेशिफिकेशन अनुसार १६,४५०.०३ लिटरको रु.१०५ का दरले रु.१७,२७,२५३.९९ भुक्तानी गर्नुपर्नेमा ३,१२१.७७ लिटरको रु.१०५ का दरले हुने रु.३,२७,७८५.०१ बढी भुक्तानी भएको देखिन्छ । तसर्थ स्ट्यान्डर्ड स्पेशिफिकेशन अनुसार भुक्तानी गर्नुपर्ने भन्दा बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,१२,१७७ |

## ४२ सिन्टिटार जग्गा एकीकरण आयोजना तर्फ

४२.१ **परिचय** - शहरी विकास मन्त्रालयको नीतिगत कार्य क्षेत्र भित्र रही शहरीकरण प्रक्रियालाई व्यवस्थित, जनसंख्या वृद्धि र शहरी बसाई सराईको कारणले आवासीय जग्गाको मागलाई परिपूर्ति गर्न जनतालाई न्यूनतम आवासीय सुविधा परिपूर्ति गर्न मध्यपुर थिमी नगरपालिका वडा नं. १ र ३ अन्तर्गत बोडेमा २०६९ देखि यस आयोजनाको सञ्चालन हुदै आएको देखिन्छ ।

४२.२ **व्यवस्थापन र कार्य क्षेत्र** - आयोजनाको स्रोत जुटाउनको लागि व्यवस्थित तथा योजनावद्ध शहरीकरणका लागि स्थानीय व्यक्तिहरुको करिव १०८२ रोपनी जग्गा एकिकरण गरी शहरी मापदण्ड बमोजिमको सडक, खानेपानी विजुली बत्ती, खुला जमिन, पार्क, खेल मैदान सहित सुविधायुक्त घडेरीको रुपमा विकास गरी रिप्लटिंग तथा थप जग्गा सहित नयां घडेरी बिक्रि वितरणको आयवाट कोष खडा गर्ने, स्थायी लालपूर्जा उपलव्ध गराउने, जग्गाधनीलाई फिर्ता दिने, जग्गाका प्लट मिलाउने सहित सो क्षेत्रको पूर्वाधार विकास गर्नु पर्ने हुन्छ । यस निकायले विधिवत ढंगवाट आयोजनासंग सरोकार स्थानीय व्यक्तिहरुको उपभोक्ता समितिको सिफारिस र सहमतिमा आयोजनाको कार्य संचालन समितिले पारित गरेको नीति तथा कार्यक्रम र स्वीकृत बजेट प्रचलित आर्थिक ऐन नियम एवं आयोजनाको नीति निर्देशन र कार्यविधिको भित्र रही बजेट तथा अख्तियारी बमोजिम खर्च गर्ने व्यवस्था रहेको छ ।

४२.३ **आयोजनाको एकीकृत आर्थिक विवरण** – यस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको संयुक्त हस्ताक्षरमा खर्चको व्यवस्थापन गर्दै आएको यस आयोजनाको एकीकृत आर्थिक विवरण देहाय बमोजिम रहेको छ ।

| आय तर्फ | | | व्यय तर्फ | | |
|---|---|---|---|---|---|
| सि नं | अल्य र आय शीर्षक | रकम | सि नं | व्यय र मौज्दात | रकम |
| १ | **गतवर्षको मौज्दात अल्या** | | १ | **चालु खर्च** | ० |
| | आम्दानी खाता नेपाल बैंक लिमिटेड थिमि शाखा | ३५२२६६९.३७ | २ | **पूँजीगत खर्च** | ८६२५९१५ |
| | राष्ट्रिय बाणिज्य बैंक थिमि चालु र पूँजीगत खाता | १६९९६६८०.३२ | ३ | **धरौटी फिर्ता** | ० |
| | एभरेष्ट बैंक लि शाखा | १०८८२ | ४ | **मौज्दात** | |
| | धरौटी खाता नेपाल बैंक लिमिटेड थिमि शाखा | १७३०८७ | | आम्दानी खाता नेपाल बैंक लिमिटेड थिमि शाखा | ३५८५२९९. |
| २ | **आन्तरिक राजश्व** | | | राष्ट्रिय बाणिज्य बैंक थिमि चालु र पूँजीगत खाता | ८३७०७६५.३२ |
| | वित्तीय निकायबाट प्राप्त ब्याज | ६२६३०.२५ | | एभरेष्ट बैंक लि शाखा | १०८८२ |
| ३ | **धरौटी आय** | ३७३५५९ | | धरौटी खाता नेपाल बैंक लिमिटेड थिमि शाखा | ५४६६४६ |
| **जम्मा** | | **२११३९५०७.९४** | **जम्मा** | | **२११३९५०७.९४** |

## ४३ पेश्की बाँकी

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फछर्यौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न प्रयोजनको लागि देहायका

व्यक्ति फर्म र संस्थालाई दिएको म्याद नाघेको पेश्की रु.१,४६,७०,३२० र म्याद ननाघेको पेश्की रु.१,८४,६८,००० गरी जम्मा रु.३,३१,३८,३२० पेश्की आर्थिक वर्षको अन्त्यसम्म पनि पछ्यौंट नभई बाँकी देखिएकोले नियमानुसार फछ्यौंट गर्नुपर्ने तथा विगत आर्थिक वर्षका अन्तिम लेखापरीक्षणमा लगत कायम गरेको पेश्की रु.४५१३६००० यस वर्षको प्रतिवेदनमा सैद्धान्तिक रुपमा मात्र उल्लेख गरिएको छ ।

| भौ नं र मिति | पेश्की लिनेकोविवरण | पेश्की लिनुको उद्देश्य | म्याद ननाघेको | म्याद नाघेकोरु. | विगत आर्थिक वर्षममा लगत कायम भएको |
|---|---|---|---|---|---|
| १।०८०।४।१ | कार्यालय सहयोगी गुण केशरी श्रेष्ठ | औषधीउपचार खर्च | ० | ० | ५०००० |
| १।०८०।४।१ | अधिकृत छैठौं श्री मनोज शर्मा | नगरसभाका सदस्यका लागि क्षमता विकास कार्यक्रम | ० | ० | २५०००० |
| ६०। ०८०।५। २६ | नगर प्रहरी जवान श्री योगस राजबाहक | अन्य कार्यालय संचालन | ० | ५००० | ० |
| २४। ०८०।६। १२ | अधिकृत छैठौं श्री तारादेवी प्रजापति | औषधी उपचार सम्बन्धी | ० | १२३१० | ० |
| ७६४। ०८०। ११।२७ | सहायक चौथो श्री सृजना श्रेष्ठ | संचार महशुल | ० | ५००० | ० |
| ९१०। ०८०। १२।२५ | कार्यालय सहयोगी श्री हिरा थापा मगर | कला संस्कृति संरक्षणका लागि सहयोग कार्यक्रम | ० | २१०००० | ० |
| १०५२। ०८१। ०१।२८ | कार्यालय सहयोगी श्री आसलाल राजबहाक | संचार महशुल | ० | २०००० | ० |
| १११। ०८१।२। ३ | अधिकृत छैठौं श्री संजय पोख्रेल | स्वास्थ्य वातावरण हरियाली प्रवर्द्धन सार्वजनिक जग्गा संरक्षण राजश्व संकलन अभियान | ० | ७७००० | ० |
| १।०८०।४।१ | नेपाल कोरिया मैत्री नगरपालिका अस्पताल | नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालको लागि आकस्मिक कोष व्यवस्थापन | ० | | ३५०००००० |
| १।०८०।४।१ | नेपाल बैंक लिमिटेड | सि टि स्क्यान मेशिन क्रमागत | ० | | ११९७००० |
| १।०८०।४।१ | नेपाल बैंक लिमिटेड | नेपाल कोरिया मैत्री नगरपालिका अस्पताल सि टि स्क्यान मेशिन खरिद गर्न | ० | | ४६४१००० |
| १।०८०।४।१ | नेपाल विद्युत प्राधिकरण | ३ नं वडा कार्यालय भवन निर्माण | ० | | ११०००० |
| १।०८०।४।१ | नेपाल विद्युत प्राधिकरण | कालोपत्रे सडक निर्माण | ० | | १७००००० |
| १।०८०।४।१ | नेपाल विद्युत प्राधिकरण | सडक बत्ती सुधार | ० | | २७५००० |
| १।०८०।४।१ | नेपाल विद्युत प्राधिकरण | सडक लाइन मर्मत | ० | | ४५०००० |

| | | | | | |
|---|---|---|---|---|---|
| १।०८०।४।१ | योङ्ग पिकासो | खेलकुद कार्यक्रम तथा सामाग्री वितरण | ० | | २३००० |
| ३।०८०।५।६ | नेपाल विद्युत प्राधिकरण | मध्यपुर उज्यालो अभियान | ० | १००००००० | ० |
| २३९।०८०।६।२६ | जुद्ध बारुण यन्त्र कार्यालय | विविध खर्च | ० | ० | ० |
| ४०९।०८१।१।१४ | लायन्स क्लब | ब्लड बैंक स्थापना | ० | २१७०५०५ | ० |
| ५९६।०८१।३।१३ | लायन्स क्लब | ब्लड बैंक स्थापना | ० | २१७०५०५ | ० |
| १।०८०।४।१ | कौशलटार देखि गट्ठाघर चोक सम्म सडक सुधार कार्य उपभोक्ता समिति | कौशलटार देखि गट्ठाघर चोक सम्म सडक सुधार | ० | | ७५०००० |
| १।०८०।४।१ | बाहाननी पाटि पुनः निर्माण उपभोक्ता समिति | बाहाननी पाटि पुनः निर्माण | ० | | ४९०००० |
| १।०८०।४।१ | ओम कुमार श्रेष्ठ | पूँजीगत अनुसन्धान तथा परामर्श आयोजना व्यवस्थापन | ० | | २००००० |
| १।०८०।४।१ | राज एण्ड एन कन्स्ट्रक्सन | हरियाली मार्ग हुँदै अरनिको सहकारी जाने बाटो गट्ठाघर स्तरउन्नति | २३८००० | ० | ० |
| १।०८०।४।१ | एफ एण्ड एफ इन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रा लि | भक्तपुर जिल्ला मध्यपुर ठिमी नगरपालिका वडा नं १. चोकबाट पाश्रियम जानेबाट मा ढल सहित र RCC ढलान गरी सडक स्तरोन्नती कार्य | १६२००० | ० | ० |
| २९२।०८०।१२।१ | हंस कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | ब्राईट हनुमन्ते सडक मध्यपुर थिमि ४ | ५००००० | ० | |
| ४३९।०८१।१।२३ | वि जि एस कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | धुन्चो मधुचोक राजकुलो हुँदै बुद्धचोक मगरगाँउ सडक संघीय समपुरक | ३५९००० | ० | ० |
| ४५०।०८१।१।१८ | वि जि एस कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | धुन्चो मधुचोक राजकुलो हुँदै बुद्धचोक मगरगाँउ सडक संघीय समपुरक | २०९००० | ० | ० |
| १३।०८१।३।२१ | आर वि सिद्धार्थ कन्स्ट्रक्सन प्रा लि | सिद्धिकाली माध्यामिक विद्यालय भवन निर्माण | १००००००० | ० | ० |
| २१।०८१।३।२३ | बालकोट निर्माण सेवा प्रा लि | जनआदर्श क्याम्पस भवन | ७०००००० | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| १।०८०।४।१ | नेपाल बैंक लिमिटेड | सिटीस्क्यान मेशिन खरिद क्रमागत | ० | | ४९०००००० |
| जम्मा | | | १८४६८००० | १४६७०३२० | |

| | |
|---|---|
| पेश्की | १,४६,७०,३२० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : मध्यपुर थिमी नगरपालिका, भक्तपुर , मध्यपुर थिमी नगरपालिका , भक्तपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राम बहादुर के.सी | २०८०-११-३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सुमित्रा PAUDEL | २०८०-१०-२४ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५,९६५,०४७.०५ | १६,९३९,४०५ | २,४७७,६०१ | ० | ० | १४,६७०,३२० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ४०,०५२,३७३.०५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २,०३४,८५९ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३८,०१७,५१४.०५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ५७६८९२६३५ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४६०५६०६६७ | चालु खर्च | ४९९४६५३२४ |
| प्रदेश सरकारबाट अनुदान | ५३४७८०६१ | पूँजीगत खर्च | ४६७८५१८४३ |
| राजश्व बाँडफाँट | २७९४८२९३४ | वित्तीय/अन्य व्यवस्था | ४२४३९४३८६.५४ |
| आन्तरिक आय | २९८००६७१२ | | |
| अन्य आय | २५८८१६९७०.५४ | | |
| कुल आय | १३५०३४५३४४.५४ | कुल खर्च | १३९१७११५५३.५४ |
| बाँकी मौज्दात | | ५३५५२६४२६ | |

## अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल हुनुपर्दछ ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ